# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक २५७ | काठमाडौं | मंगलबार, ३ माघ २०७९ | Prabhab National Daily | Tuesday, January 17, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।**

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानी नोक्सानी कानूनी रूपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानी नोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सन्दर्भ : वैदेशिक रोजगार

## संघको निर्वाचनमा प्यानल नै प्यानल

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी नेतृत्व हात पार्न व्यवसायीहरूबीच तीव्र प्रतिस्पर्धा देखिएको छ । यही माघ ६ गते हुने संघको निर्वाचनमार्फत नेतृत्वमा आउन व्यवसायीहरूले चारवटा प्यानल खडा गरेका छन् । पटक-पटक स्थगित हुँदै आएको संघको निर्वाचन हुने पक्का भएपछि वैदेशिक रोजगार व्यवसायीहरूले नयाँ नेतृत्व चयन गर्न आफू अनुकूल हुनेगरी प्यानल खडा गरेका हुन् ।

संघको नेतृत्वमा जान विभिन्न राजनीतिक दलका शुभेच्छुक संघसंस्थाले छुट्टाछुट्टै प्यानल घोषणा गर्दै निर्वाचनमा होमिएका छन् । नेपाली कांग्रेसको शुभच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनबाट मात्रै दुई प्यानल खडा भएका छन् । जसमा कुमुद खनाल समूहको एक प्यानल र भुवनसिं गुरुङ समूहबाट अर्को प्यानल तयार भएको छ । खनाल समूहले आइतबार नै आफ्नो टिम घोषणा गरिसकेको छ भने गुरुङ समूहले आज घोषणा गर्दै छ । समाजवादी वैदेशिक रोजगार व्यवसायी संघसँग तालमेल गर्दै गुरुङ संयुक्त लोकतान्त्रिक प्यानल निर्माण गरेका छन् । उनलाई जातीय, भेगीय व्यवसायी संस्थाहरूको पनि समर्थन रहेको बताइन्छ ।

त्यस्तै नेकपा एमालेको शुभेच्छुक संस्था प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चले पनि शनिबार आफ्नो प्यानल घोषणा गरिसकेको छ । प्रगतिशिल मञ्चले राजेन्द्र भण्डारीको नेतृत्वमा संघको निर्वाचनमा भाग लिन प्यानल बनाएको छ । यसैगरी नेकपा माओवादी केन्द्रको शुभेच्छुक संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले पनि आफ्नो प्यानल खडा गरेको छ ।

गणतान्त्रिक मञ्चले डा. ईश्वर जिसीको नेतृत्वमा आइतबार नै प्यानल घोषणा गरिसकेको छ । गणतान्त्रिक मञ्च र नेकपा एकीकृत समाजवादीको शुभेच्छुक संस्था एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका व्यवसायीहरू मिलेर बनेका जिसी समूहलाई व्यावसायिक प्यानल नामकरण गरिएको छ ।

संघको निर्वाचनमा प्यानल नै प्यानल बनेपछि आगामी कार्यसमितिको नेतृत्वमा कसले बाजी मार्ला भन्नेमा स्वयं व्यवसायीहरू नै द्विविधामा देखिएका छन् । विभिन्न राजनीतिक दलनिकट व्यवसायीका संगठनहरूले आपसी सहमति जुटाउन नसक्दा प्यानल घोषणा गरेर निर्वाचनमा होमिनुपरेको एक व्यवसायीले बताए । वैदेशिक रोजगारका क्षेत्रमा भएका र देखिएका समस्या समाधान गर्न एकजुट भएर लाग्नुपर्नेमा व्यवसायी नै विभाजित भएर निर्वाचनमा जानु दुःखद भएको उनको भनाइ छ । यसअघि पनि व्यवसायीहरूको मतभेद हुँदा एक पटक चारवटै प्यानल बनेको ती व्यवसायीले स्मरण गरे ।

## माग सम्बोधन गर्न प्रधानमन्त्री सकारात्मक

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले विदेशमा रहेका लाखौं नेपालीको मन जित्ने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले आफ्नो दोस्रो कार्यकालसम्म गैरआवासीय नेपाली संघ (एनआरएनए)ले उठाएका मागहरू सम्बोधनका लागि प्रयास गरेको भन्दै र अब तेस्रो कार्यकाल विदेशमा बस्ने बहुसंख्यक नेपालीको मन जित्ने प्रतिबद्धता व्यक्त गरे ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा सोमबार एनआरएनएका प्रतिनिधिहरूसँगको छलफलमा प्रधानमन्त्री दाहालले उक्त कुरा बताएका हुन् । भेटमा प्रधानमन्त्री दाहालले नेपालमा विद्यमान कतिपय कानुनी प्रावधानले सिर्जना गरेका अप्ठ्यारालाई नेपाल सरकारले क्रमशः सच्याउँदै आएको र अबका दिनमा पनि कानुनी उल्झनलाई पन्छाउने प्रयास आफ्नो तर्फबाट जारी रहने बताए । विदेशमा रहेका नेपालीले नेपाल र नेपालीको पहिचान विश्वमाझ पुऱ्याउन ठूलो भूमिका निर्वाह गरेको भन्दै गैरआवासीय नेपालीप्रति प्रधानमन्त्री प्रचण्डले आभार व्यक्त गरे । राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिकरूपमा विश्वभर नेपाललाई चिनाउन नेपालीहरू थप संवेदनशील र जिम्मेवार बन्दै गएकोप्रति प्रधानमन्त्री दाहालले खुसी व्यक्त गरेको उनको सचिवालयले जनाएको छ ।

भेटका क्रममा एनआरएनएकी कार्यकारी अध्यक्ष रविना थापाले हालसम्म संघले गरिआएको काम, नेपाल सरकारका तर्फबाट सम्बोधन भइआएका विषय र आगामी दिनमा सरकारले गर्नुपर्ने नीतिगत र कानुनी सुधार सम्बन्धमा आफ्नो भनाइ राखेकी थिइन् । संघका अध्यक्ष बद्री केसीले नेपाल सरकारसहितको लगानी रहेको १० अर्ब रूपैयाँको लगानी कोष 'एनआरएन नेपाल डेभलप्मेन्ट फन्ड'लाई अघि बढाउन देखापरेका कानुनी र व्यावहारिक कठिनाइबारे जानकारी गराउँदै ती कठिनाइलाई तत्काल सम्बोधन गर्न आग्रह गरे । उनले विदेशमा रहेका बहुसंख्यक नेपालीलाई सामाजिक सुरक्षा कोषमा जोड्नुपर्ने, विदेशमा कामका सिलसिलामा अंगभंग भएका नेपालीलाई स्वदेश फिर्ता गर्नका साथै उनीहरूका परिवारलाई आर्थिक सहायतासहित पुनः एकीकरणलगायतका विषयमा नेपाल सरकारले पहल कदमी लिनुपर्ने माग गरे ।

अर्का अध्यक्ष कुल आचार्यले संघले उठाएको गैरआवासीय नेपाली नागरिकताको मुद्दालाई तत्काल सम्बोधन गर्न अनुरोध गर्दै 'एक पटकको नेपाली सदैव नेपाली' हुने भन्ने कुरा अन्योलमा परेको भन्दै नागरिकताको विषयलाई यथाशक्य छिटो टुंगोमा पुऱ्याउन आग्रह गरे ।

# मन्त्रालय भागबण्डा टुंगियो

## आज नयाँ मन्त्रीहरूको शपथ

नेकपा एमालेले आठ मन्त्री र दुई राज्यमन्त्री, माओवादी केन्द्रले चार मन्त्री र एक राज्यमन्त्री, राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपाले तीन/तीन मन्त्री र एक/एक राज्यमन्त्री, जसपाले दुई मन्त्री तथा साना दलहरु जनमत पार्टी, लोसपा र नागरिक उन्मुक्ति पार्टीले एक/एक मन्त्री पाउने



■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले आज मन्त्रिपरिषद् विस्तार गर्दै छन् । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सोमबार राति अबेरसम्म बसेको सत्तारूढ गठबन्धनको बैठकले मन्त्रालयको भागबण्डा टुंग्याएसँगै आज मन्त्रिपरिषद्लाई पूर्णता दिन लागिएको हो । मन्त्रीहरूको पद तथा गोपनीयताको शपथ आजै दिउँसो १ बजे हुने भएको छ ।

सोमबार साँझको बैठकपछि उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले गठबन्धन दलहरूबीच मन्त्रिपरिषद्लाई पूर्णता दिने र त्यसका लागि दलहरूले लिने मन्त्रालयबारे सहमति जुटेको बताए । तर, कुन दलले कुन मन्त्रालय लिने ? भन्नेबारे उनले खुलाएनन् ।

'मन्त्रालय बाँडफाँट टुंगिएको छ,' उपप्रधानमन्त्री लामिछानेले पत्रकारहरूसँग भने, 'मंगलबार १ बजे नयाँ मन्त्रीहरूको शपथ ग्रहण हुनेछ ।' उनले मन्त्रीहरूको नामसहित भागबण्डाको विवरण मंगलबार मात्रै सार्वजनिक गरिने बताए । उनका अनुसार अझै केही मिलाउनुपर्ने भएकाले शपथअघि नामावली सार्वजनिक गरिने भएको हो ।

यसअघि सोमबार नै प्रधानमन्त्री दाहालले बालुवाटार बैठकअघि सत्ता गठबन्धनको मुख्य दल (**बाँकी पृष्ठ २ मा**)

पोखरा विमान दुर्घटना

# आफन्तलाई बुझाउन थालियो शव

■ प्रभाव संवाददाता

- सोमबारसम्म ७० जनाको शव भेटियो
- दुई यात्रुको अवस्था अझै अज्ञात
- २४ जनाको पोखरामा परीक्षण गरिँदै
- बाँकी शव आज हेलिकप्टरमा काठमाडौं ल्याइँदै
- सबै एटिआर जहाजको प्राविधिक परीक्षण
- जाँच आयोगले सुरू गऱ्यो अध्ययनको काम

**कास्की–** आइतबार पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनामा परी निधन भएकाको शव आफन्तलाई बुझाउन थालिएको छ । सोमबार साँझ पोखरा-१३ का सदाकत अलि मियाँको शव परिवारले बुझेका हुन् ।

पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा सोमबार साँझदेखि मात्र शव परीक्षण सुरु गरिएको थियो । बाँकी शवको परीक्षण भइरहेकाले आज मंगलबार बिहान आफन्तलाई हस्तान्तरण गरिने अस्पताल प्रशासनले जनाएको छ ।

दुर्घटनामा हालसम्म फेला परेका ७० शवमध्ये २४ जनाको मात्र पोखरामा परीक्षण हुने अस्पतालको भनाइ छ । पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा शव परीक्षणका लागि काठमाडौंदेखि आएका फरेन्सिक विज्ञसहितको टोली खटिएको छ ।

विदेशी नागरिक, पहिचान नखुलेका र चालक दलका सदस्यको शव काठमाडौंस्थित शिक्षण अस्पतालमा शव परीक्षण हुनेछ । नेपाली सेनाको हेलिकप्टरबाट आज (मंगलबार) बिहान ८ बजे काठमाडौंस्थित त्रिवि शिक्षण अस्पतालमा थप परीक्षणका लागि लगिने कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले जानकारी दिए ।

शव बुझ्न अस्पताल परिसरमा सोमबार बिहानैदेखि मृतकका आफन्त जम्मा भएका थिए । शव हस्तान्तरणमा अस्पतालले ढिलाइ गरेको भन्दै कतिपयले गुनासोसमेत गरिरहेका थिए । शव परीक्षणको प्रक्रियाले समय लिएपछि परिवारले बेलैमा शव बुझ्न नपाएका हुन् ।

पोखराको सेती खोँचमा भएको सो विमान दुर्घटनमा परी ज्यान गुमाएका ७० जनाको शव फेला परेको छ । विमानमा सवार बाँकी दुई यात्रुको अवस्था भने अझै अज्ञात छ । बेपत्ताको खोजी कार्य जारी रहेको जनाइएको छ ।

पहिचान हुन नसकेका शवको हवाई दुर्घटनाको अन्तर्राष्ट्रिय प्रोटोकलअनुसार मृतकको शरीरको भिसेरा र डिएनए परीक्षणलगायतका अन्य आवश्यक प्रक्रिया पूरा गरेर मात्र हस्तान्तरण गर्न सकिने राय काठमाडौंबाट आएका फरेन्सिक विभागका चिकित्सकहरूले दिएका थिए ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता ज्ञानबहादुर खड्काका (**बाँकी पृष्ठ २ मा**)

## राजस्व संकलन लक्ष्यभन्दा २५ प्रतिशत न्यून

**काठमाडौं (प्रस)–** चालु आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक समीक्षा अवधिमा सरकारी राजस्व संकलन लक्ष्यभन्दा निकै कम देखिएको छ । पुस मसान्तसम्म छ खर्ब ५१ अर्ब ६१ करोड ८७ लाख रूपैयाँ राजस्व उठाउने लक्ष्य रहेकोमा चार खर्ब ९० अर्ब चार करोड ३८ लाख रूपैयाँ बराबर मात्रै असुली भएको अर्थ मन्त्रालयले जनाएको छ ।

यो अर्धवार्षिक लक्ष्यको ७५.२० प्रतिशत बराबर हो । अर्थात् चालु आवको अर्धवार्षिक समीक्षा अवधिमा सरकारको राजस्व संकलन लक्ष्यभन्दा २४.८० प्रतिशत बिन्दुले न्यून देखिएको छ ।

यो अवधिमा भन्सार राजस्व संकलन सबैभन्दा बढी प्रभावित भएको देखिन्छ । अर्थ मन्त्रालयको तथ्यांकअनुसार भन्सार राजस्व संकलन पुस मसान्तसम्मको लक्ष्यको ५३ प्रतिशत बराबर मात्रै छ । छ महिना अवधिमा एक खर्ब ६१ अर्ब ८२ करोड ३० लाख रूपैयाँ बराबर भन्सार उठाउने सरकारी लक्ष्य रहेकोमा ८५ अर्ब ७८ करोड ७३ लाख रूपैयाँ बराबर मात्रै संकलन भएको देखिएको हो ।

मूल्य अभिवृद्धि कर (भ्याट) र अन्तःशुल्क असुलीमा पनि ७२ प्रतिशत बराबर मात्रै उपलब्धि हासिल भएको छ । पुस मसान्तसम्ममा एक खर्ब ८० अर्ब २४ करोड ८३ लाख रूपैयाँ बराबर भ्याट उठाउने सरकारी लक्ष्य रहेकोमा एक खर्ब ८० अर्ब २४ करोड ८३ लाख रूपैयाँ बराबर मात्रै उठेको देखिन्छ ।

चालु आवको अर्धवार्षिक अवधिमा अन्तःशुल्कतर्फ ९७ अर्ब ५० करोड ९६ लाख रूपैयाँ बराबर असुली गर्ने सरकारी लक्ष्य थियो । तर, यही अवधिको वास्तविक अन्तःशुल्क असुली भने ७० अर्ब ५१ करोड रूपैयाँ बराबर छ । जुन अर्धवार्षिक लक्ष्यको ७२.३ प्रतिशत बराबर हो ।

यही अवधिमा सरकारले एक खर्ब १६ अर्ब ७९ करोड रूपैयाँ बराबर आयकर उठाएको छ । जुन रकम यो अवधिका लागि राखिएको लक्ष्यको ७४.३ प्रतिशत बराबर हो । सरकारले पुस मसान्तसम्ममा एक खर्ब ५७ अर्ब २२ (**बाँकी पृष्ठ २ मा**)


**वैदेशिक रोजगार व्यवसायी तमु धिं समाजको**

**प्रेस विज्ञप्ति**

**आदरणीय वैदेशिक रोजगार व्यवसायी ज्यूहरू !**

हामी सबैको साझा संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यही माघ ६ गते हुन गइरहेको २९औं साधारण सभा तथा निर्वाचनसम्बन्धी सार्वजनिक गरिएको कार्यतालिका सबैलाई सर्वविदितै छ ।

यसै सन्दर्भमा संघको आगामी कार्यसमिति चयनका लागि हुन गइरहेको निर्वाचनमा यस **वैदेशिक रोजगार व्यवसायी तमु धिं समाजले संयुक्त लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी समूहबाट** उम्मेद्वारी दिएका **भुवन सिं गुरुङको** प्यानललाई समर्थन गर्ने निर्णय गरेको छ । तसर्थ सम्पूर्ण व्यवसायीहरूलाई यसै विज्ञप्तिमार्फत **भुवन सिं गुरुङको** प्यानललाई साथ समर्थन रहेको जानकारी गराउँदछौं ।

**तिर्थ बहादुर गुरुङ**
अध्यक्ष



**हार्दिक निमन्त्रणा**

**आदरणीय वैदेशिक रोजगार व्यवसायी ज्यूहरू,**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०७९ माघ ६ गते सम्पन्न हुन गइरहेको निर्वाचनका लागि **संयुक्त लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायीको** तर्फबाट **भुवनसिंह गुरुङ** समूहको उम्मेदवारी **घोषणा सभामा** यहाँहरूको गरिमामय उपस्थितिका लागि **हार्दिक निमन्त्रणा** गर्दछौं ।

**कार्यक्रम**

**स्थान** : दियालो फूड्ल्याण्ड बसुन्धरा, काठमाडौं ।
**मिति** : २०७९।१०।०३ गते मंगलबार
**समय** : दिउँसो २:३० बजे

**दान बहादुर बुढाथोकी**
संयोजक
चुनाव प्रचार प्रसार समिति
**संयुक्त लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी समूह**

# भूकम्प जोखिम न्यूनीकरणमा के गर्दैं छ महानगर

■ प्रभाव संवाददाता




**काठमाडौं–** वि.सं. १९९० सालमा गएको महाविनासकारी भूकम्पको स्मरण गर्दै हरेक वर्ष माघ २ गते भूकम्प सुरक्षा दिवस मनाउने गरिन्छ । यस वर्ष भने माघ १ गते आइतबार पोखरामा यती एयरलायन्सको जहाज दुर्घटना भएका कारण सार्वजनिक बिदा दिँदै भूकम्प दिवसका सम्पूर्ण कार्यक्रम सरकारले स्थगन गऱ्यो ।

वि.सं. १९९० साल माघ २ गतेका दिन दिनको २ बजे विनासकारी महाभूकम्प गएको थियो । यस भूकम्पमा मुलुकभर अनुमानित क्षति तीन लाख ८८ हजार घर क्षतिग्रस्त भएको, १६ हजार ८७५ जनाको मृत्यु र तीन हजार ३१९ जना गम्भीररूपमा घाइते भएका थिए । पशुपन्छीहरू के कति क्षति भए त्यसको यकिन तथ्यांक भने भेटिएको छैन ।

१९९० सालमा गएको विनासकारी महाभूकम्पको सम्झनामा २०५५ सालदेखि हरेक वर्ष माघ २ गतेलाई वार्षिकरूपमा राष्ट्रिय भूकम्प सुरक्षा दिवसका रूपमा मनाउन सुरु गरिएको हो । हरेक वर्ष राष्ट्रिय रूपमा भूकम्प दिवस समारोह मनाउने गरिन्थ्यो । काठमाडौंको भूगोल पार्कमा प्रधानमन्त्रीको उपस्थितिमा कार्यक्रम पनि हुन्थ्यो । भने यस वर्ष ती कार्यक्रम स्थगत भए ।

भूकम्प जोखिमका दृष्टिकोणले काठमाडौं उपत्यका निकै अग्रस्थानमा देखिन्छ । काठमाडौं उपत्यका भूकम्पनको अत्यधिक जोखिम क्षेत्रमा पनि पर्दछ । त्यस कारण २०७२ सालमा गएको भूकम्पपश्चात् देशको राजधानी रहेको काठमाडौं महानगरपालिकाले फरक किमिसले विपद् जोखिम न्यूनकरण गर्दै आफूलाई उभ्याइरहेको छ । भूकम्प के हो, भूकम्पबाट हुने क्षति न्यूनीकरण कसरी गर्ने, पूर्वतयारी अवस्थामा रहन र सबैलाई सचेत गराउनका लागि भूकम्प सुरक्षा दिवस मनाउने गरिएको भए पनि यस वर्ष सो दिवस स्थगन भए पनि मंगलबार कमलपोखरीमा भूकम्पसँग सम्बन्धित प्रदर्शनी राखिएको काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले बताए ।

महानगरपालिकाले घर निर्माणको मापदण्ड परिवर्तन गरी, कुनै पनि संरचनाहरू मापदण्डभित्र रहेर मात्र बनाउने कार्यलाई प्राथमिकता राखेर अगाडि बढिरहेको छ । त्यस्तै महानगरपालिका क्षेत्रभित्रका खुला ठाउँहरूलाई संरक्षण गर्ने काम पनि गरिरहेको छ । महानगरपालिकामा विगतमा साधारण शाखाका रूपमा मात्र रहेको विपत् व्यवस्थापनलाई विभागमा परिणत गरेर विपत्सम्बन्धी विभिन्न सचेतनामूलक कार्यक्रमहरू गरिरहेको प्रवक्ता मानन्धरले जानकारी दिए ।

१९९० सालपछि २०७२ साल वैशाख १२ गते गएको विनासकारी भूकम्पले देशभर ठूलो जनधनको क्षति गरेको थियो । भूकम्पमा परेर देशभर करिब आठ हजार ७०० मानिसहरूको मृत्यु भएको थियो । करिब २३ हजार बढी मानिस घाइते भएका थिए । भूकम्पले करिब पाँच लाखभन्दा बढी घरहरूमा क्षति भएको तथ्यांक छ । यस्तै काठमाडौं उपत्यकामा करिब ७०० जनाको मृत्यु भएको थियो । यस्तै तीन हजार जना घाइते भएका थिए । करिब नौ हजार भौतिक संरचनाहरूमा पूर्ण क्षति भएको र २० हजार संरचनामा आधा क्षति भएका थिए ।

उक्त समयका धेरै घरहरू काठले बनेको माटोले बनेका घरहरू धेरै रहेका थिए । मुख्यगरी घरको जगमा आरसिससी गरेर बनाउने र घरको माथि भने आरबिसी अर्थात् कच्चा सामग्री प्रयोग गरेर बनाइएका घरहरूमा भूकम्पले धेरै क्षति पुऱ्याएको थियो । २०७२ सालपछि महानगरले विपत् न्यूनीकरण र जोखिमबाट बच्न विभिन्न कार्यक्रमहरू समेत सञ्चालन गरिरहेको काठमाडौं महानगरपालिका विपत् व्यवस्थापन विभागका प्रमुख रविनमान श्रेष्ठले बताउँछन् ।

प्राकृतिक प्रकोप जुनसुकै बेला पनि आउन सक्ने भएकाले यसबारे सबै नागरिकहरू समयमै सचेत हुन आवश्यक रहेकाले महानगरपालिकाले विपत्का घट्नाहरू भूकम्प, आगलागी र बाढीलगायतका प्राकृतिक प्रकोपका घटनाहरूलाई उत्तिकै प्राथकितामा राखेर काम गरिरहेको छ । विपत् व्यवस्थापन विभागले आगलागीलाई मध्यनजर गर्दै बालाजुमा स्टेसन खडा गरेको छ, भने अन्य क्षेत्रहरूमा विस्तारकै क्रममा रहेको छ । तीन वटा नयाँ दमकल खरिद गरिसकेको र अन्य खरिदको प्रक्रियामा रहेको प्रमुख श्रेष्ठको भनाइ छ ।

नयाँ जनप्रतिनिधि आइसकेपश्चात् महानगरपालिकाले विभिन्न संघसंस्थाहरूको प्रतिनिधि रहने गरी विपत् व्यवस्थापन समिति गठन गरिसकेको छ, प्रत्येक वडावडामासमेत विपत् व्यवस्थापन समिति गठनको प्रक्रियामा रहेको छ । महानगरपालिकाभित्र रहेका सबै विद्यालयहरूमा गएर भूकम्पबाट कसरी जोगिने भन्ने कार्यक्रमहरू समेत सञ्चालन गर्ने तयारी गरेको छ, भने वडास्तरीयबाट पनि यस्ता कार्यक्रम सञ्चालन गर्न आग्रह गरिएको छ । यदि ठूलो विपत् निम्तिएर महानगरपालिकाको जनशक्तिले मात्र नसकेको अवस्थामा नेपाल रेडक्रस, नेपाल स्काउट, नेपाली सेना, नेपाल प्रहरी र नगर प्रहरीको सहयोग लिने गरिएको छ ।

> महानगरपालिकाले घर निर्माणको मापदण्ड परिवर्तन गरी, कुनै पनि संरचनाहरु मापदण्डभित्र रहेर मात्र बनाउने कार्यलाई प्राथमिकता राखेर अगाडि बढिरहेको छ । महानगरपालिका क्षेत्रभित्रका खुला ठाउँहरूलाई संरक्षण गर्ने काम पनि गरिरहेको छ ।
>
> ■ **नवीन मानन्धर**
> प्रवक्ता, कामपा



## आफन्तलाई बुझाउन...
पृष्ठ १ बाट जारी

अनुसार दुर्घटनामा परेको विमानको 'ककपिट भ्वाइस रेकर्डर' र फ्लाइट डेटा रेकर्डर सुरक्षितरूपमा प्राप्त भएकाले सशस्त्र प्रहरीमार्फत नागरिक उड्डयन प्राधिकरणलाई हस्तान्तरण गरिएको छ ।

**आयोगले सुरु गऱ्यो काम**

पोखरामा आइतबार बिहान भएको यती एयरलाइन्सको विमान दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन गठित 'विमान दुर्घटना जाँच आयोग'ले काम सुरु गरेको छ ।

दुर्घटना जाँच आयोगले सोमबारदेखि काम सुरु गरेको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का प्रवक्ता जगन्नाथ निरौलाले जानकारी दिए । उनका अनुसार विमानको 'ब्ल्याक बक्स' सोमबार बिहान भेटिएको छ । ब्ल्याक बक्स आयोगलाई बुझाइसकिएको छ । ब्ल्याक बक्स विमान दुर्घटनाका कारण पत्ता लगाउन महत्त्वपूर्ण मानिन्छ । ब्ल्याक बक्समा ' फ्लाइट राडर रेकर्ड' र 'ककपिट भ्वाइस रेकर्ड' हुन्छ ।

सरकारले आइतबार दुर्घटनामा परेको यती एयरलाइन्सको विमानको दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन पाँच सदस्यीय जाँच आयोग गठन गरेको थियो । आयोगको संयोजकमा पूर्वसचिव नागेन्द्र घिमिरे रहेका छन् ।

साथै, सदस्यमा हवाई विज्ञद्वय दीपकप्रकाश बास्तोला (अवकाशप्राप्त उपरथी) र सुनिल थापा (अवकाशप्राप्त क्याप्टेन) तथा हवाई मर्मत इन्जिनियर एकराजजंग थापा छन् । आयोगको सदस्यसचिवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने छन् ।

दुर्घटनाका कारण पहिचान गर्न र आगामी दिनमा त्यस्ता दुर्घटना दोहोरिन नदिनका लागि अपनाउनुपर्ने सुझावसहितको प्रतिवेदन दिन आयोग गठन गरिएको हो । आयोगलाई ४५ दिनको समयावधि तोकिएको छ ।

**सबै एटिआर जहाजको प्राविधिक परीक्षण**

पोखरामा आइतबार भएको यती एयरलाइन्सको विमान दुर्घटनापछि जहाजको प्राविधिक विषयमा सर्वत्र चासो देखिएपछि नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले नेपालका आन्तरिक उडानमा प्रयोग भइरहेका सबै एटिआर जहाजको प्राविधिक परीक्षण गरेको छ ।

क्यानका प्रवक्ता जगन्नाथ निरौलाले सोमबार साँझ विज्ञप्ति जारी गर्दै पोखरा विमानस्थल नजिक भएको यती एयरलाइन्सको विमान दुर्घटनापश्चात् क्यानका सुरक्षा निरीक्षकहरूबाट नेपालमा सञ्चालित सम्पूर्ण एटिआर-४२ तथा एटिआर-७२ वायुयानको थप विस्तृत प्राविधिक परीक्षण गर्ने कार्य सम्पन्न भइसकेको जानकारी दिए ।

परीक्षणका क्रममा उपरोक्त वायुयानहरूमा कुनै प्राविधिक त्रुटि फेला नपरेको पनि क्यानले उल्लेख गरेको छ । कुनै पनि वायुयानको नियमित उडान योग्यता (एयरवर्दिनेस)का लागि दैनिक गरिने 'डेली इन्सपेक्सन', उडानपूर्व गरिने 'प्री फ्लाइट इन्सपेक्सन' जस्ता मर्मतसम्भारका कार्यहरू अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)को मापदण्ड तथा सिफारिस एवं वायुयान निर्माता कम्पनीका मापदण्डबमोजिम गर्ने गरिएको क्यानले विज्ञप्तिमा जनाएको छ ।

यही माघ १ गते आइतबार काठमाडौंबाट पोखराका लागि उडेको यती एयरलाइन्सको कलसाइन नाइन-एएनसी (एटिआर-७२-२१२) विमान पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नजिकै सेती नदीको खाँचमा दुर्घटनाग्रस्त भएको थियो । दुघर्टनाग्रस्त विमानमा सवार चालकदलका सदस्यसहित ७२ सवार थिए । दुर्घटनास्थलबाट ६९ जनाको शव फेला परेको छ भने बाँकी तीन जनाको खोजी कार्य जारी रहेको छ । उक्त घटनाप्रति दुःख व्यक्त गर्दै क्यानले दुर्घटनामा ज्यान गुमाउने चालक दलका सदस्य तथा यात्रुहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ ।

*(राससको सहयोगमा)*

## मन्त्रालय भागबण्डा...
पृष्ठ १ बाट जारी

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग उनकै निवास बालकोटामा करिब पाँच घण्टा लामो भेटवार्ता गरेका थिए । भेटवार्तापछि पत्रकारहरूलाई संक्षिप्त प्रतिक्रिया दिँदै दाहालले भनेका थिए, 'आजै मन्त्रिपरिषद् विस्तार हुन्छ ।'

तर, उनले भनेअनुसार मन्त्रिपरिषद् सोमबार भएन । एक दिनपछि मात्रै विस्तार हुने भएको हो । १० पुसमा उनी प्रधानमन्त्रीमा नियुक्त भएका हुन् । सोही दिन उनले सानो आकारको मन्त्रीमण्डल गठन गरेका थिए । उनको दलबाट उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री नारायणकाजी श्रेष्ठ भएका छन् । एमालेबाट उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल र मन्त्रीहरू राजेन्द्रकुमार राई, ज्वालाकुमारी साहसँगै दामोदर भण्डारी भएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट सभापति लामिछाने उपप्रधान तथा गृह र जनमत पार्टीबाट अब्दुल खान मन्त्री भएका छन् । राई, साह, भण्डारी र खान विनाविभागीय मन्त्री छन् । आजै उनीहरूलाई पनि मन्त्रालयको जिम्मेवारी पाउने छन् ।

स्रोतका अनुसार एमालेले सर्वाधिक आठ मन्त्री र दुई राज्यमन्त्री, प्रधानमन्त्रीको दल माओवादीले चार मन्त्री र एक राज्यमन्त्री, राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपाले समान तीन/तीन जना मन्त्री र एक/एक जना राज्यमन्त्री तथा जनता समाजवादी पार्टी (जसपा)ले दुई मन्त्री पाउने गठबन्धन दलहरूबीच सहमति भएको छ । साना दलहरू जनमत पार्टी, लोसपा र नागरिक उन्मुक्ति पार्टीलाई समान एक/एक मन्त्री दिनबारे सहमति भएको स्रोतको भनाइ छ ।

प्रधानमन्त्रीको दल माओवादीबाट नयाँ मन्त्री रेखा शर्मा, सुदन किराती, महेन्द्र राय यादव र अमनलाल मोदी थपिने सम्भावना छ । मोदी र किराती यसअघि मन्त्री भएका छैनन् । मोदी र किराती समान तीन-तीन पटक निर्वाचित भएर पनि सरकारमा अवसर नपाएका नेताहरू हुन् । राय भने पटक-पटक मन्त्री भएका छन् । शर्मा पनि मन्त्री भइसकेकी छन् ।

ओलीले पनि यसअघि पटक-पटक चुनाव जितेका तर मन्त्री बन्ने अवसर नपाएकाहरूलाई मन्त्री बनाउने तयारी गरेका छन् । लगातार दुईपटक जितेका तर मन्त्री बन्ने अवसर नपाएमा पर्वतका पदम गिरी र कास्कीकी विद्या भट्टराई छन् । दुवै गण्डकी प्रदेशका हुन् ।

सांसदहरू टोपबहादुर रायमाझी र सूर्य थापा पनि मन्त्री बन्न आकांक्षी छन् । रायमाझी पटक-पटक उपप्रधानसहित विभिन्न मन्त्रालय सम्हालिसकेका सांसद हुन् । थापा भने पहिलोपटक निर्वाचित भएर संसद् आएका नेता हुन् । रायमाझी माओवादीबाट एमालेमा आएका र थापा भने ओलीका विश्वास पात्र हुन् । दुवै लुम्बिनी प्रदेशका हुन् ।

यस्तै, गोकुल बाँस्कोटा, प्रेमलाल महर्जन, कृष्णगोपाल श्रेष्ठ र महेश बर्तौला पनि मन्त्री बन्न आकांक्षी छन् । उनीहरूमध्ये बाँस्कोटाकै मन्त्री बन्ने बढी सम्भावना रहेको एमालेका एक जना पदाधिकारीले बताए । नेताहरू पृथ्वीसुब्बा गुरुङ, ठाकुर गैरे, छविलाल विश्वकर्मा र गोकर्ण विष्ट पनि मन्त्री बन्न 'लबिइङ'मा छन् । तर, गुरुङ र विश्वकर्मा भने प्रतिनिधिसभाको सभामुखको दाबेदारको रूपमा अगाडि छन् । मधेसका नेताहरू लीलानाथ श्रेष्ठ, जुलीकुमारी महतो, रघुजी पन्त र एकनाथ ढकाल पनि मन्त्री बन्ने दौडमा छन् । तर, ओलीले क-कसलाई मन्त्री बन्न अवसर दिन्छन् ? आज दिउँसो मात्रै टुंगो लाग्ने भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीको संसदीय दलको बैठकले मन्त्री छान्ने जिम्मेवारी सभापति लामिछानेलाई दिएको छ । उक्त दलमा मन्त्री बन्न डोलप्रसाद अर्याल, शिशिर खनाल, डा. चन्दा कार्की, डा. तोसिमा कार्की, सोविता गौतमलगायत आकांक्षी छन् ।

राप्रपाबाट अध्यक्ष राजेन्द्र लिङ्देन उपप्रधानसहित कुनै एक मन्त्रालय सम्हाल्नेगरी जाने तयारीमा छन् । उक्त दलबाट सांसदहरू बुद्धिमान तामाङ, विक्रम पाण्डेलगायत मन्त्री बन्न आकांक्षी छन् । जसपाबाट अध्यक्षसमेत रहेका अशोकुमार राई, दलका नेता रामसहायप्रसाद यादव, प्रदीप यादवलगायत मन्त्री बन्ने पक्षमा छन् । लोसपा र नागरिक उन्मुक्ति पार्टीबाट को-को मन्त्री बन्ने भन्ने निर्क्योल भइसकेको छैन ।


प्रदेश सरकार

सडक पूर्वाधार तथा शहरी विकाश मन्त्रालय

**यातायात पूर्वाधार निर्देशनालय**

**पूर्वाधार विकास कार्यालय**

पाँचथर, फिदिम

प्रदेश नं. १, नेपाल

**पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश**

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इतयादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सडक तथा सडक पेटीमा आफ्ना निर्माणजन्य सामाग्री, व्यापारिक तथा व्यवसायिक समाग्री नराखौं ।
- सडकपेटी अतिक्रमण नगरौं ।
- सडक तथा सार्वजनिक स्थलमा सूर्तिजन्य पदार्थ सेवन नगरौं ।
- विकास निर्माण कार्यमा तपाई/हामीले अनावश्यक अवरोध नगरौं ।
- सडकपेटी किनारामा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- सडकपेटी किनारामा जथाभावी निर्माण सामाग्री नराखौं ।
- सडकपेटी जथाभावी व्यापार/व्यवसाय नगरौं ।
- सडक निर्माण तथा संरक्षण कार्यमा सहयोग गरौं ।



**वालिङ नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङजा, गडण्की प्रदेश, नेपाल

**योजना कार्यान्वयनको लागि वोलपत्र आव्हानको सूचना**

**(सूचना प्रकाशित मिति २०७९।१०।३ गते)**

नगर कार्यापालिकाको कार्यालयको चालु आर्थिक वर्ष २०७९/०८० को लागी स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित योजनाहरु कार्यान्वयनको लागी पूर्वाधार निर्माण गर्नु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरु वा कम्पनिवाट निम्न सर्तहरुको अधिनमा रहि रितपूर्वक बोलपत्र आव्हान गरिएको छ ।

१) बोलपत्र फाराम खरीद गर्न इच्छुक फर्म/कम्पनी /निर्माण व्यवसायीले अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन, चालु आ.व.२०७९/०८० को लागी नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ.कर दर्ता प्रमाण पत्र (भ्याट), साथै आ.व.२०७८/२०७९ को लागि कर चुक्ता वा म्याद थप भएको अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि को साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) नेपाल बैक लिमिटेड वालिङ शाखामा रहेको ***ग–१.१ आन्तरीक राजश्व खाता ०८३०३०००००१००१००००००१ मा*** जम्मा गरेको बैक भौचर संलग्न राखी ***सार्वजनिक खरिद अनुगमनको कार्यालय www.ppmo.gov.np (विद्युतीय माध्यम) द्धारा मात्र बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ ।***

२) बोलपत्र सम्वन्धि कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए वमोजिमका कुराहरु खुलेको प्रमाण पत्र बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

३) बोलपत्र पुस्तिका तथा सुचनामा उल्लेखित मुल्यांकनका आधारहरु पुरा नगर्ने बोलपत्र दाताहरुको बोलपत्र स्वीकृत गरिने छैंन ।

४) बोलपत्र फारमा भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्याता दिईनेछ । साथै केरमेट भएको ठाउमा सही छाप हुनु पर्ने छ ।

५. बोलपत्र जमानत रकम नेपाल बैक लिमिटेड शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता नं. ०८३०३००००००३०००००००००१ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा वाणिज्य बैक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन सम्म म्याद भएको जमानत (Bid security ) समावेश भएको हुनु पर्ने छ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

६. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न गरिएको स्पेशिफिकेसन तथा अन्य व्यहोरा प्रस्ट रुपमा पढि, सहि छाप गरि पेश गर्नू पर्ने छ । बोलपत्र जुन फर्मको नाम वाट खरीद भएको हो सोही फर्मको नामवाट दर्ता गराउनुपर्ने र बोलपत्र दाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु बोलपत्र साथ संलग्न हुन पर्ने छ ।

७) कुनै पनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने ,नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा र रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८) बोलपत्र फाराम र यस सुचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ संशोधन र सार्वजनिक खरिद नियमावली २०६४,संशोधन समेत हुनेछ । अन्य जानकारीका लागी यस कार्यालयको फोन नं.०६३–४४०१७७ मा सम्पर्क गर्न सकिने छ

९) **बोलपत्र फाराम खरिद/दर्ता गर्ने समयः**

| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समयः २०७९।११।४ गते समय १२.०० बजे भित्र | बोलपत्र दर्ता गर्ने अन्तिम मितिः २०७९।११।४ गते, समयः १२.०० वजे भित्र | बोलपत्र खोल्ने मिति २०७९।११।४ गते र समय २.०० वजे । |
|---|---|---|

१०) निर्माण कार्यको विवरण

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | लागत अनुमान (भ्याट समेत) रु. | जमानत रकम | बोलपत्र फारम दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | ८/२०७९/ ०८० | ढुङगेधारा निर्माण वालिङ १,८,९ र ११ | ८१,५८,६९६.० | २२४३६५.० | ३०००.० |
| २ | ९/२०७९/ ०८० | आधिखोला करिडोर निर्माण वालिङ १,६,८,९,१०,११ र १३ | १६०३९८४०.० | ४४१०९६.० | ३०००.० |


# जुम्लामा जीप दुर्घटना

## एकको मृत्यु, १५ जना घाइते

■ प्रभाव संवाददाता

**जुम्ला–** जुम्लाको पातारासी गाउँपालिका-६ मा जीप दुर्घटना हुँदा एक जनाको घटनास्थलमै मृत्यु भएको छ। सदरमुकाम खलंगा बजारबाट पातार ासीका लागि जाँदै गरेको ग १ ज ४०३५ नम्बरको जीप सोमबार अपराह्न दुर्घटना हुँदा उक्त गाउँपालिका-१ का ४२ वर्षीया छोदेन लामाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी निरीक्षक यामबहादुर बुढामगरले जानकारी दिए।

घटनास्थलमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनासहित स्थानीयवासीले घाइतेको उद्धार गरेका हुन्। घाइते १५ जनाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा उपचार भइरहेको प्रतिष्ठानका निर्देशक राजीव शाहले जानकारी दिए। जीप सडकबाट ५० मिटर तल तिला नदीमा खसेको जिल्ला प्रहरी कार्यालय जुम्लाले जनाएको छ। जिपमा सवार चालकसहित १७ जना रहेको र जिप चालक फरार रहेको प्रहरीले जनाएको छ।



घाइते हुनेहरू १३ वर्षीय उर्जेन लामा, ७४ वर्षीया छिरिङ साङ्मु लामा, २४ वर्षीया छिरिङ पुटिङ लामा, ४२ वर्षीय जिग्मे लामा, १२ वर्षीय उर्जेन हिक्सिन, १७ वर्षीय पेमा लामा, २३ वर्षीया निग्मा साङ्मु, १७ वर्षीय तुल्सान तामाङ, ४० वर्षीय कार्मा लामा, २४ वर्षीय छिरिङ पाल्जो, २७ वर्षीय एसएसआई तामाङ, १४ वर्षीय सोनम तामाङ र आठ वर्षीया पेमाडोल्मा तामाङ रहेको प्रहरीले जनाएको छ। घाइतेमध्ये ६२ वर्षीया मिम्जाम लामा र ६७ वर्षीय कार्मा लामाको स्वास्थ्य अवस्था गम्भीर रहेको प्रतिष्ठानले जनाएको छ।

# हवाई दुर्घटनाको क्षति मूल्यांकन गर्न विदेशी टोली नेपालमा




**काठमाडौं–** आइतबार पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनाको क्षति मूल्यांकन गर्न बिमा सर्भेयर र कानुन व्यवसायीहरूको टोली नेपाल आइपुगेको छ। क्षतिग्रस्त सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्नका लागि सर्भेयर टोली सिंगापुर र कानुन व्यवसायीको टोली भारतबाट सोमबार काठमाडौं आइपुगेको नेपाल बिमा प्राधिकरणका प्रवक्ता राजुरमण पौडेलले जानकारी दिए। बिमा दलाल (ब्रोकर)का रूपमा रहेको बेलायतको कम्पनीले सिंगापुरबाट सर्भेयर खटाएको उनको भनाइ छ।

दुर्घटनामा परेका यात्रुको बिमा दाबी भुक्तानीका लागि कुनै समस्या नहुने पनि पौडेलले जानकारी दिए। 'बिमा गरेको कम्पनीले पनि अर्को कम्पनीमा पुनर्बिमा गरेको हुन्छ। पुनर्बिमाबाट पैसा आएपछि बिमा कम्पनीबाट भुक्तानी भइहाल्छ। मृतकको पोस्टमार्टम रिपोर्टका आधारमा बिमा रकम भुक्तानी हुन्छ,' उनले भने।

सोमबार सिंहदरबारमा बसेको राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले हवाई दुर्घटनामा परेका यात्रुका परिवारलाई बिमा भुक्तानीका सहजीकरण गर्न निर्देशन दिएको पनि प्रवक्ता पौडेलले जानकारी दिए। बिमा दाबी भुक्तानीबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पनि चासो राखेको उनको भनाइ छ।

'राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले बिमा भुक्तानीबारे चासो राखेको थियो। बिमा रकम भुक्तानीका लागि पोस्टमार्टम रिपोर्ट चाहिने भएकाले पोखरा र काठमाडौंबाट रिपोर्ट लिन सकिने भनिएको छ। दाबी भुक्तानीमा समस्या नहुने जानकारी हामीले समितिलाई गराएका छौं,' प्रवक्ता पौडेलले भने।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार हवाइयात्रुको २० हजार अमेरिकी डलर बराबरको बिमा गरिएको हुन्छ। चालक दलका सदस्यको भने एयरलाइन्स कम्पनीअनुसार फरक-फरक हुने प्राधिकरणले जनाएको छ।

आइतबार दुर्घटनामा परेको यती एयरलाइन्सको हवाइजहाजमा सवार चार जना चालक दल र ६८ जना यात्रु सबैको मृत्यु पुष्टि भइसकेको छ। *रासस*

## राजस्व संकलन...

पृष्ठ १ बाट जारी

लाख १८ हजार रूपैयाँ बराबर आयकर उठाउने लक्ष्य राखेको थियो। अर्धवार्षिक समीक्षा अवधिमा शिक्षा सेवा करतर्फ भने लक्ष्यअनुसार नै राजस्व उठेको छ। यो अवधिमा ७३ करोड ४८ लाख रूपैयाँ बराबर शिक्षा सेवा कर उठाउने सरकारी लक्ष्य रहेकोमा ७३ करोड ६७ लाख रूपैयाँ बराबर उठेको छ। अर्थ मन्त्रालयकाअनुसार गत आर्थिक वर्षको पछिल्लो छ महिनाको तुलनामा चालु आर्थिक वर्षको राजस्व संकलन १५.३२ प्रतिशतले घटेको छ। गत वर्षको तुलनामा यस वर्ष भन्सार राजस्व ३१.३८ र आन्तरिक राजस्व १.६ प्रतिशतले घटेको देखिएको हो।

आयात निरुत्साहन गर्नका लागि चालिएका कदमका कारण भन्सार राजस्व घटेको अर्थ मन्त्रालयको भनाइ छ। त्यस्तै घर जग्गाको कारोबारमा देखिएको शिथिलता र घट्दो सेयरबजारका कारण पुँजीगत लाभकरमा आएको कमी पनि लक्ष्यअनुसार राजस्व असुली हुन नसक्नुको कारण रहेको मन्त्रालयले जनाएको छ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PEAK STAR INTERNATIONAL SERVICES

पूर्व स्वीकृति मिति : २०७९/०९/१७ | LT. No.278708 | चलानी नं. ६०१९४१४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 1 | 0 | 1000 | ३५,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Representative | 1 | 0 | 2500 | ८८,८९५ | | | | | | | |
| 3 | Supervisor | 1 | 0 | 2500 | ८८,८९५ | | | | | | | |
| 4 | Waiter | 2 | 0 | 1400 | ४९,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १० गते (24th Jan. 2023) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**GREEN LIGHT OVERSEAS PVT. LTD** श्रम ईजाजत नं. 1365/074/75

Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758

Email:info@green-lightgroup.com, Web:green-lightgroup.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JIA FANG TEXTILE INDUSTRIES

पूर्व स्वीकृति मिति २०७९/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/०२ | LT. No. 269470 | चलानी नं. ६०१८५३१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 60 | 0 | 1500 | ४४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : METRO SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/३० | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/०२ | LT. No. 272037 | चलानी नं. ६०१८७७८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secuity Guards | 50 | 0 | 1500 | ४४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १० गते (24th Jan. 2023) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.** 918/067/68

Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202

Email :sunray918@gmail.com, srgoverseas@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GARDEN GRILL RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०७९/०७/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/०२ | LT. No. 274645 | चलानी नं. ६०१९१७७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cold Food Maker | 1 | 0 | 1800 | ६२,०२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Utensil Cleaning Agent | 1 | 0 | 1200 | ४१,३५० | | | | | | | |
| 3 | Kitchen Worker | 2 | 0 | 1200 | ४१,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान र मिति:

झापा-बिर्तामोड -(Birtamode Municipality, Center Point Hotel) २०७९ माघ १० गते (24th Jan. 2023) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


Government of Nepal

**Ministry of Physical Infrastructure and Transport**

**Department of Roads**

**Road Division Pokhara, Kaski**

Gandaki province, Nepal

## Tender Notice No: 06-079/80

**Date of publication: 2079/10/03 (2023/01/17)**

1. Road Division Pokhara invites electronic bid from national eligible bidders for Item Rate Contract of the following works:

| Contract Identification Number | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and PS (NRs.) | Average annual Construction Turnover ( NRs. Million) | Bid Security Validity Period (days from the date of bid opening) |
|---|---|---|---|---|---|---|
| DROPKR/ 337310113/079/80-34 | Asphalt Overlay Works on Pokhara Urban Road | 5000 | 950000 | | 55 million | 120 days |
| DROPKR/337310113 (Com)/079/80-35 | Combined Maintenance works at Buddhachowk-Forestry campus- Fulbari hotel | 3000 | 110000 | 42,28,418.43 | | 120 days |
| DROPKR/337310113 (Em)/079/80-36 | Emergency maintenance works at Bindabasini Sarankot Road | 3000 | 120000 | 46,92,778.56 | | 120 days |
| DROPKR/337310113 (Rea)/079/80-37 | Reactive maintenance works at Begnastal Rambazaar Road | 3000 | 65000 | 25,19,944.68 | | 120 days |

2. Purchase, Submission and Opening Date and Account Details:

| CN | Pre-Bid Meeting | | Last date of Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | Date | Time |
| For all Contracts | 2079/10/23 (02/06/2023) | 14:00 | 2079/11/04 (2023/02/16) | 12:00 | 2079/11/04 (2023/02/16) | 12:00 | 2079/11/04 (2023/02/16) | 13:00 |

| For Security Guarantee Deposit | | | | | For Bid Document Fee Purchase | |
|---|---|---|---|---|---|---|
| Bank | Name of Office | Office code | Account Name | Deposit Account No. | Revenue Account No. | Revenue Heading No. |
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | Road Division Pokhara | 337-0139-01 | District Treasury Controller Office, Pokhara | 3020100102030000 | Ka 1-1-111 | 14229 |

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (12th Amendment, 2079).

4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website http://bolpatra.gov.np/egp, as specified in the Bidding data sheet for provision of E-Bidding. Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above. Bids submitted in hardcopy shall not be accepted.

5. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this division / PPMO's website.

**Division Chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नरोकियोस् अवैध क्रसर उद्योगमाथिको डण्डा

देशभर अवैधरुपमा सञ्चालित क्रसर उद्योगहरुले प्रकृतिको दोहन गर्दै आए पनि सरकारले बन्द गर्न सकेको छैन । क्रसर उद्योगीहरुले राजनीतिक संरक्षण पाउँदा यो समस्या विकराल बन्दै आएको छ । बेलाबेला अवैध क्रसर उद्योग बन्द गराउने चर्चा चल्दै आए पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । स्थानीय जनप्रतिनिधिदेखि केन्द्रका नेतासम्मलाई आफ्नो पकडमा राख्न क्रसर उद्योगीहरु सफल हुँदै आएका छन् । यही कारण उनीहरुमाथि कारबाही हुन नसकेको यथार्थ लुकेको छैन ।

यसैबीच नयाँ सरकारले अवैधरुपमा सञ्चालित क्रसर उद्योग बन्द गराउन पहल थालेको छ । गृह मन्त्रालयले गत २० पुसमा देशभरका जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र जारी गर्दै दर्ता नभएका र नवीकरण नगरिएका क्रसर उद्योग बन्द गर्न निर्देशन दिएको थियो । प्रचलित कानुनविपरीत ढुंगा, गिट्टी तथा बालुवा उत्खनन तथा दोहनलाई नियमनका लागि त्यस्ता उद्योग बन्द गर्न ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र जारी गरी निर्देशन दिइएको हो । कानुनविपरीत ढुंगा, गिट्टी तथा बालुवा उत्खनन तथा दोहन कार्यलाई नियमन गर्न, वातावरण संरक्षण ऐन, २०७६ को पालना र यस सम्बन्धमा अदालतबाट भएको आदेश कार्यान्वयन गर्न आवश्यक देखिएकाले उक्त परिपत्र जारी गरिएको थियो ।

परिपत्रमा विभिन्न आयोजना, विकास तथा निर्माणका क्रममा सोही आयोजनाका लागि आवश्यक परिमाणमा ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खननको अनुमति प्राप्त उद्योगी/निर्माण व्यवसायीले आयोजना समाप्त भएपश्चात् पनि त्यस्तो उत्खनन कार्य गरिरहेको भए सोसमेत छानविन गरी तत्काल बन्द गर्न भनिएको थियो । मन्त्रालयले अब स्थानीय प्रशासनमार्फत अनुगमन हुने र त्यहाँ अनुमति नलिएका, दर्ता नभएका, नवीकरण नभएका तथा आयोजना समाप्त भएपछि पनि उत्खनन कार्य गरिरहेका उद्योग फेला परेमा बन्द गरिने उल्लेख गरेको थियो ।

गृह मन्त्रालयले चालेको यो कदम सराहनीय र स्वागतयोग्य थियो । र, त्यसको नतिजा पनि देखिन थालेको छ । गृहको परिपत्रपछि जिल्लाहरुमा स्थानीय प्रशासनले क्रसर उद्योग बन्द गराएका छन् । अधिकांश जिल्लामा यो कदम चालिएको छ । यसले सकारात्मक सन्देश दिएको छ र अवैध क्रसर उद्योग सञ्चालकहरुमा ढ्यांग्रो बजाएको छ । तर, यसको दीर्घकालीन कार्यान्वयन भने अझै सुनिश्चित भइसकेको छैन । विभिन्न बहाना र दबाबमा पुनः ती उद्योगलाई सञ्चालन अनुमति दिनसक्ने सम्भावना छ । यसमा सरकारलाई सचेत गराउनु पर्छ ।

अवैधरुपमा प्राकृतिको दोहन गरी वातावरण विनास गर्ने कार्य कुनै पनि हालतमा स्वीकार्य हुँदैन । यस्ता कार्य बन्द गराउन जरुरी छ । तर, विगतमा पनि यस्ता निर्देशन जारी नभएका होइनन् । निर्देशन कार्यान्वयनमा समस्या हुँदै आएको छ । नयाँ सरकार त्यसमाथि पनि जनतामाझ लोकप्रिय छवि बनाएर राजनीतिक छलाङ मार्दै गृहमन्त्री बनेका रवि लामिछानेले यसमा सम्झौता गर्ने छैनन् भन्ने जनअपेक्षा रहेको छ । उनले आफ्नो निर्णयलाई कार्यान्वयन गर्न सफल हुने नहुने नतिजा भने कुर्नैपर्छ । यद्यपि, अहिले चालिएको कदमलाई स्वागत गर्नैपर्छ र यसको पूर्ण कार्यान्वयनमा सबैपक्षबाट सहयोग हुन जरुरी छ । कानुनी राज्य स्थापित गर्ने र राज्यको प्राकृतिक सम्पत्ति जोगाउने प्रमुख दायित्व सरकारको हो । यसमा तीन तहकै सरकारको भूमिका रहन्छ । त्यसैले अवैध क्रसर उद्योगहरुलाई बन्द गराउने निर्णयबाट पछि हट्नु हुँदैन । कोही प्रतिनिधि क्रसर उद्योगीको प्रलोभनमा परे भने जनताले त्यसको भण्डाफोर गर्नुपर्छ । क्रसर उद्योगीको मनोमानी बन्द गराउन जनप्रतिनिधि र सरकारलाई निरन्तर दबाब दिऔं ।

# चार्कोल कलाका चित्रकार बाबुछोराको सिर्जना



पदम श्रेष्ठ

**सुरेशका प्रत्येक चित्रकलाले कुनै न कुनै रूपमा दर्शनलाई समेटेको पाउँदछौं । उदाहरणका लागि शिवका अर्धनारेश्वर चित्रले महिला र पुरूषको समायोजनबाट मात्र सृष्टि सम्भव हुन्छ भन्ने तथ्य थाहा पाएपछि सृष्टिकर्ता ब्रह्मा नै छक्क परिरहेको देखाइएको छ भने रावणले कैलाश पर्वत उचालेको देखाइनु बेलाबेलामा दैत्य आत्माहरूले देवराज्य पनि हल्लाउन सक्छ भनी देखाइएको तथ्य उजागर गरेको बताइन्छ ।**

सिंहले साँढेलाई मारेर खाइदिन्छ । साँप, मयुर र मुसा एकआपसमा भेट भए जिउँदो छोड्दैनन् तर चार्कोल कलाका चित्रकार सुरेशकुमार धःलाद्वारा सिर्जित कलामा गणेश, कुमार र शिव पार्वतीको संयुक्त परिवार देखाइएको छ । सुरेशका चित्रकलामा शिवपुराणका हरेक कथालाई मुसुमुसु हाँसिरहेका पात्रका रूपमा प्रस्तुति दिइएका छन् ।

'सत्यम् शिवम् सुन्दरम्' शीर्षकमा आधारित कलाको विषयवस्तु पुरानै हो तर चित्रकार धःलाले नयाँ ढंगले प्रस्तुति गरिदिँदा शिव पुरान नै अलौकिक बन्न गएको छ । नन्दीले बजाएको दमाहाको तालमा शिवले नृत्य गरेको देखाइनु, साँढे वाहन चढेका महादेवले शक्तिकी प्रतीक दूर्गा (पार्वती) लाई महिषासुर वधका लागि शक्ति प्रदान गरिरहेको चित्रकलामा देखाइनुलाई सुरेशको कलाले लुकेको कथावस्तुलाई उजागर गरिदिएको प्रतिक्रिया पाएका छन् ।

कलाबारे चित्रकार सुरेश भन्छन्, 'प्रत्येक जीवित आत्मा शिव हुन्, अदृश्य शक्ति शिव सधैं सत्यको पक्षमा उभिन्छन् भने क्रोध पनि न्यायको पक्षमा गर्ने हुँदा शिव सधैं सुन्दरम् हुन्छन् त्यो मेरो विश्वास हो । त्यसैले बालखैदेखि थालेको चित्र लेखन संकलनको २० वर्षे संगालोको शीर्षक 'सत्यम् शिवम् सुन्दरम्' राखिएको हो ।

चित्रकार धःलाको चित्रमा आफ्नै समुदायको नश्ल मिल्ने पात्रहरू देखिए पनि चरित्र रङको संयोजन महाभारतकालीन कथावस्तुमा आधरित देखिन्छ । चित्रकार धःला भन्छन्, 'कोरिएका चित्रकलालाई शिवपुराणको कथावस्तुलाई जस्ताको तस्तै नबुझी व्यावहारिक सत्यको रूपमा आत्मसात् गर्नुपर्दछ ।'

सुरेशका प्रत्येक चित्रकलाले कुनै न कुनै रूपमा दर्शनलाई समेटेको पाउँदछौं । उदाहरणका लागि शिवका अर्धनारेश्वर चित्रले महिला र पुरुषको समायोजनबाट मात्र सृष्टि सम्भव हुन्छ भन्ने तथ्य थाहा पाएपछि सृष्टिकर्ता ब्रह्मा नै छक्क परिरहेको देखाइएको छ भने रावणले कैलाश पर्वत उचालेको देखाइनु बेलाबेलामा दैत्य आत्माहरूले देवराज्य पनि हल्लाउन सक्छ भनी देखाइएको तथ्य उजागर गरेको बताइन्छ । चित्रकलामा चित्रकार धःलाले पृथ्वीरूपी मातापिता शिवपार्वतीको परिक्रमा गरी देवतामा प्रथम पूजाको अधिकार पाउन सफल कथालाई चित्रित गरिँदा कुमारजस्तो मुढेबलभन्दा बुद्धिले काम गर्नु असल भन्ने सन्देश दिइएको छ । शिवका अनेक विवाहमध्ये पार्वतीसँगको आधिकारिक विवाहलाई हर्ष र सतीदेवीसँग उनको पार्थिव शरीर बोकेर हिँड्दा हिँड्दा बिछोडको विवाहलाई चित्रांकित गरिएका छन् ।

सन् १९७४मा लगनखेल ठटीटोलमा जन्मिएका कलाकार सुरेशकुमारले सानैदेखि हजुरबुवा मोतिभाइ धःलाबाट तन्त्र विद्या र पिताजी बाबुराजा धःलाबाट चार्कोल (गोल) रङबाट चित्र कोर्न सिकेको हुँदा आफ्नो चित्र सिर्जनामा तन्त्र र चार्कोलको संयोजन पाइने बताउँछन् ।

तन्त्र शक्तिको आह्वान गरी चार्कोल कलाको संयोजनमा सिर्जित चित्रकला २०५८ सालमा नेपाली मुहार चित्र प्रदर्शनी भइसकेको छ भने २०६० सालमा हाम्रा कवि र साहित्यकार नामक दोस्रो एकल प्रदर्शनी सम्पन्न गरिसकेका छन् । चित्रका साथसाथमा संस्कृत भाषाका मन्त्र कविता पनि राख्ने हुँदा चित्रकविको उपनामबाट प्रख्यात् चित्रकार सुरेशकुमार ०४५ सालमा भानुभक्त मुहार चित्रकला प्रतियोगितामा प्रथम र २०७४ सालमा क्यान कला पुरस्कारबाट पुरस्कृत भएका थिए ।

चौथो चित्रकला प्रदर्शनी लोपोन्मुख तर अलौकिक चित्रकला लेखनमा लागिरहेका छोरा सुरेशको प्रगतिमा प्रफुल्लित पिता बाबुराजा लगनखेलस्थित फाइन आर्ट इन्स्टिच्युटको सिर्जना आफ्नो छोराले बाबुको कलालाई अझै परिमार्जित रूपमा अगाडि बढाइरहेकोमा एकदम खुसी लागेको बताउँछन् । 'अंगुरको मसिनो हाँगालाई जलाएर बनाएको पेन्सिलबाट चित्र कोर्न थालेको सम्भवतः मुलुककै पहिलो प्रयोग होला भन्ने लाग्छ मलाई,' सुरेश भन्छन् । एमस कलेज लगनखेलमा आर्टस् पढाउने चार्कोल कलाकार बाबुराजा भन्छन्, 'यो कलालाई मेरा विद्यार्थीहरूबाट पनि व्यापक बनाउँदै लैजाने कुरामा म विश्वस्त छु ।'

### आफ्नै घरमा आर्ट ग्यालरी

ग्यालरीभित्र एक हल आर्ट सिक्ने र नयाँ कला सिर्जनामा तल्लीन थिए, क्यानभासहितका किशोरकिशोरीहरू । लाग्थ्यो, क्यानभासमा कला सिर्जनामा व्यस्त विद्यार्थीहरू आफैं चित्र हुन् । बारा अर्थात् बाबुराजा गुरूले प्रशिक्षार्थीहरूलाई सम्बोधन गर्दा झ्याप्ले, गोरी, मुन्द्रे, सिल्की अनेक उपनामबाट सम्बोधन गर्दै गर्दा जब हामी आर्ट ग्यालरी पुग्यौं । तत्काल चार्कोल चित्रकार धःला अर्डर फर्माउँछन् ।

'ल, फलानाहरू हो, त्यो आर्टस् फिजाइदेऊ, क्यानभास हटाएर ।'

लाग्थ्यो, पहिलेदेखि नै सुटिङको तयारी थियो र हाम्रो उपस्थिति हुनासाथ रिल चालु भन्दै निर्देशकद्वारा अर्डर कार्यान्वयन भइरहेको छ, त्यो सुटिङ युनिटलाई ।

जब चार्कोल कलाकार बारा अर्थात् बाबुराजा धःलाको आदेश पाउँछन्, तत्काल विद्यार्थीहरूले उनीद्वारा सिर्जित चित्रहरू बालकृष्ण समदेखि जराजुरी कला सर्जक नरेन्द्रबहादुर श्रेष्ठसम्म, नेपालका अब्स्ट्र्याक्ट आर्ट भित्र्याउने कलाकार गेहेन्द्रमान अमात्य र लैनसिंह बाङ्देलदेखि भगवान गणेशको मात्र चित्रकला बनाउने कलाकार वत्सगोपाल वैद्यका मुहारचित्रहरू भुइँमा फिजाउँछन् ।

चित्रकार धःलाले अमर चित्रकारदेखि मूर्तिकार ठाकुरप्रसाद मैनालीसम्म, कुलपति के.के. कर्माचार्य घोडाका अनेक भावका चित्र बनाउने प्रख्यात् चित्रकार शशी शाह, कलामा पिएचडी गर्ने व्यक्तित्व डा. विमल भौकाजीसम्मका मुहारचित्रहरू कलाकार बाराले बनाएका छन् । चार्कोल माध्यमकै पहिचान बनाउन सफल बाराले भने यी चित्रहरू १२ 'बि' पेन्सिलले कोरेका हुन् ।

कलाकार बारा अर्थात् बाबुराजा धःलाले आफूसहित देशमा प्रतिष्ठित कलाकारहरूको मुहारचित्र कोर्नुको मूल लक्ष्य कला सर्जकहरूबीच एकअर्काको सम्मानको परम्परा बनाउनु हो ।

उनी भन्छन्, 'चित्रकारले सबै कुरामा कला सिर्जना गर्न सक्दैनन्, तर प्रायः सबै कला सर्जकहरूका छुट्टाछुट्टै अस्तित्वद्वारा पहिचान बनाएको हुन्छ, त्यसैले एकले अर्कोको कलाको सम्मान गर्न आफूले पहिचानमुखी व्यक्तित्वहरूको चित्रकला तयार गरेको हुँ तर पेन्सिलले चार्कोलबाट होइन, उहाँलाई लगनखेलबासीले चार्कोल कलाकार, बारा चित्रकार वा फ्रि ह्याण्डस कलाकारका रूपमा पनि चिनिन्छन् । कारण कलाकार बाराले जो कसैको पनि मुहारचित्र एकै मिनेटमा स्केज नकोरी बनाइदिनुहुन्छ । उहाँलाई फोटो खिच्ने चलन नभएको बेला विभिन्न व्यक्तित्वहरूले आफ्नो मुहारचित्र बनाइदिन अनुरोध गर्नुहुन्थ्यो ।'

### चार्कोल कलाकार बारा चित्रकलाको इतिहास

कलाकार सुरेशकुमार भन्छन्-

*सानै बेलाको कुरा हो, मन्दिरका भित्ताहरू जहाँ हेरे पनि चित्र देख्न थालें । जहाँ केरेको देखे पनि मलाई रमाइलो लाग्थ्यो । चित्रै चित्र देख्थे म । त्यस्तैमा लगनखेलको महालक्ष्मी मन्दिरनिरको पाटीमा सलाँ (चकजस्तै) चिया पिउने कपको चित्र कसले कोरेर छोडेका रहेछन् । त्यो चित्र सामान्य नै थियो तर चित्रले मेरो मनमा चित्रकलाप्रतिको मोह व्यापक बनाइदियो ।*

*महालक्ष्मीथानको त्यो चित्र देखेलगत्तै लगनखेलकै बटुकभैरव क्षेत्रमा देखेको प्रत्येक कलाहरू हेरें । मरूभूमिमा प्यासीले पानी पाएजस्तो, भोकाएकोले चौरासी व्यञ्जन पाएजस्तै अनुभूति लागेपछि मैले बटुकभैरवको मन्दिरमा बाली राखेको आगो निभेपछि बचेको गोल टिपें । त्यो गोलको चकले आशामार चुरोटको खोलमा चित्र कोर्न थालें । त्यो पहिलो चित्र भगवतीकै थियो । विनातालिम गोलले कोर्न थालेदेखि मभित्रको चित्रकारिताप्रतिको हुटहुटी यति तीव्रगतिमा बढ्न थाल्यो कि मच्छिन्द्र नमूना लगनखेलबाट एसएलसी र पाटन क्याम्पसबाट कमर्समा ब्याचलर पढेको मान्छे त चित्रकार पो भएर निस्किएछु । त्यतिखेर अहिलेजस्तो बनीबनाउ वा तयारी रङ पाइँदैनथ्यो । पाइहाले पनि किन्न सक्ने औकात नै थिएन ।*

*चित्रकारहरूले थान्का/पौभा बनाउँदा प्रयोग गर्ने ढुंगा, पात आदि घोटेर पगालेर बनाउने रङ पनि हाम्रो कल्पनाबाहिरको कुरा थियो । त्यसैले मेरो चित्रकला सिर्जनाको साधन नै गोल बन्न पुग्यो । यो मेरो मनभित्रदेखि उभार भएको चित्र कलाकारितालाई मेरो गुरू रमानन्द जोशीले बाटो देखाउनुभयो । वि.सं. २०३२ सालको कुरा हो, गुरूले बम्बैबाट ग्रेट कलाकारको उपाधिसहित पढेर नेपाल आउनुभयो । उहाँ बम्बैबाट फर्किनुभएपछि रत्नपार्क मिनिमार्केट (काठमाडौंका मेयर केशव स्थापितको पालामा भत्काएको ठाउँ)मा जेके आर्ट ग्यालरी खोल्नुभएको थियो । मैले उहाँलाई भनेर मभित्रको चित्रकारितालाई उतार्न चाहें । मासिक ३५ रूपैयाँ साझा बसमा आवतजावत गर्दा २० पैसा खर्च गर्नुपर्थ्यो, आयस्रोतको कुनै उपाय नभएपछि गुरूसँग तीनमहिना मात्र पढ्न पाएँ । तर, गुरूले राजा वीरेन्द्र सरकारको राज्याभिषेकमा चित्र लेख्ने तुल व्यानर बनाउने काममा लगाइदिनुभयो । त्यसबाट आफैं कमाउन थालें । त्यसपछि आफ्नो खल्ती खर्च चलाउन सक्ने भएँ । मैले थालेको चार्कोल आर्टसलाई नयाँ-नयाँ प्रयोग गर्न सिकें । मेरा गुरू जोशी सरले पनि चार्कोल पेन्सिल त इण्डियामा उत्पादन नै हुने चाहेमा उपलब्ध गराउन सकिने बताउनुभएपछि चार्कोल पेन्सिल ल्याएर पनि चित्र बनाइयो । मूलतः मैले जीवनमा व्यक्तिचित्र नै बनाएँ । किनकि एक जना व्यक्ति एउटा इतिहास नै हुन्छ भन्ने लाग्छ मलाई ।*

*चार्कोल/गोल पेन्सिलबाट चित्र नमेटियोस् भनेर चार्कोल स्प्रे, महँगो परेपछि आफ्नै प्रयासमा ब्युटीपार्लरमा प्रयोग गर्ने हेयर स्प्रे गर्न थालें । चित्र बनाउँदा म यस्तो विधि अहिले पनि अपनाउँछु । एवं रितले कलाकारिता अगाडि बढिरहेकै थियो । चार्कोल आर्ट आफैंले लेख्ने वा अर्डरअनुरूप बनाएर बेच्ने गर्दै नै थिएँ । दुई-चार सयमा बिक्री थालेको चित्रकला वर्तमानमा ५० हजार रूपैयाँभन्दा माथिका छन् । चित्रको मूल्य खासै यति नै भन्ने हुँदैन । होटल याक एण्ड यतीलगायतका व्यापारिक निकायहरू र विभिन्न व्यक्तित्वहरूले मेरो चित्र घरमा सजाएर राखेका छन् । तर, एक्कासी इण्डियाले नाकाबन्दी गरिदिएपछि चार्कोल पेन्सिल बन्दै भयो । त्यसपछि म पनि घुम्दै फिर्दै रूम्जाटार भनेजस्तै पुरानै गोलले लेख्नेमा फर्किएँ । गुरू रमानन्द जोशीले भन्नुभयो- यो पेन्सिल हामीले यही बनाउन सक्छौं तर कसरीको जवाफमा थाहा पाइयो । कि अंगुरको हाँगालाई एउटा गोल्टनमा भने र गोल्टिनसमेत आगो बालिरहेको भुंग्रोमा राखेर जलाउने गर्दा त पेन्सिल तयार हुने रहेछ । हाल म त्यसकै माध्यमबाट चित्र कोर्छु र सिक्न आउने विद्यार्थीहरूलाई पनि प्रशिक्षण दिँदै आएको छु ।*

## मननयोग्य

### चाणक्य नीति

मेरो हृदयाग्नि चाणक्यलाई भष्म नगरी शान्त हुन सक्तैन । म आफ्ना मालिकको हत्याको बदला अवश्य लिन्छु' अनि अर्के गुप्तचर आइपुग्यो, उसबाट थाहा भयो । आगामी पूर्णिमामा कौमुदी महोत्सवका साथै विधिपूर्वक चन्द्रगुप्तको राज्याभिषेक हुनेछ । त्यो अत्यन्तै विशाल हुन्छ, जसमा राजाका अधीनमा रहेका राजाहरू र सामन्तहरू, उच्चपदाधिकारी, प्रतिष्ठित नागरिकका तर्फबाट उपहार दिइन्छ । यस समाचारले राक्षसलाई अन्धकारमा सूर्यको प्रकाश आएजस्तै । त्यस्तै तेज राक्षसको मुखमा पनि आयो र आफ्नो विश्वस्त साथी जीवाक्षलाई बोलाई राक्षसले भने- 'मित्र ! एउटा नचुक्ने अवसर आएको छ । यसपटक चाणक्यले चन्द्रगुप्तलाई कसरी बचाउँछ हेरौं ।

राक्षसले अत्यन्तै भेदयुक्त कुरा जीवाक्षसँग भन्न थाल्यो- ' तिमी कुमयुरकी प्रसिद्ध नगरवधु सम्मोहिनीकहाँ जाऊ । म एक चिठी उनका नाममा लेख्छु । त्यहाँबाट अत्यन्तै रूपवती विषकन्या पाउनेछ । जो हाउभाउ सँगीत, नृत्यकलामा अनुपम छ'

'महोत्सवका अवसरमा तिमी एक पर्यटकको भेषमा रही ती विषकन्या चन्द्रगुप्तलाई अर्पण गर्नू । अर्पण गर्नुभन्दा पहिले पाटलीपुत्र (पटना) मा सम्पन्नताको धूमधाम मनाउन प्रतिष्ठित व्यक्तिलाई भोजको निमन्त्रणा दिनू र त्यही अवसरमा सबैलाई ती विषकन्या एकपटक देखाउनु त्यो सुन्दरताको वर्णन महलमा चन्द्रगुप्तसमेतलाई जानकारी होस् विषकन्या आफ्नो अमूल्यनिधि भनी चन्द्रगुप्तलाई उपहार दिनु, तिमी चाँडै जाऊ । हेर ! यी छनक चाणक्यसम्म पुग्नुहुँदैन तिमीले अत्यन्तै बुद्धिमानीसाथ काम गर्नुपर्छ ।' 'जस्तो तपाईंले भन्नुभो त्यस्तै हुन्छ' भनी जीवाक्ष हिँड्यो ।

यता पाटलीपुत्र (पटना) मा त्यतिखेरदेखि नै उत्सवको आरम्भ भएको थियो । शहरको विशेष पाहुना घरमा जीवाक्षले काश्मीरी पर्यटक व्यापारी सोमदेव नामले आफ्नो डेरा बनायो । बहुमुल्य भेषभूषा, आश्चर्य लाग्ने ठाँट-बाँटको, अनौठो सँगम थोरै दिनमै सोमदेवको रवाफ बढ्यो । क्रमशः




वैकुण्ठ भण्डारी



# 'गरिबको चमेली बोल्दिने कोही होला र ?'

२०३५/३६ सालतिर निरंकुश पञ्चायत व्यवस्थाको विरुद्ध, परऽजाऽतन्त्र ल्याउने आशामारामेश-मञ्जुल-रायन लगायतका युवाहरू गाउँ गाउँमा पुगेर मादल ठोक्दै साँझ परेपछि गाउँलेहरूलाई ब्युँताउने गर्दथे रे 'गरिबको चमेली बोल्दिने कोही छैन' भन्दै ।

त्यही गीत ४६ सालसम्म गाए अरे । देशमा परऽजाऽतन्त्र पनि आयो अरे । परऽजाऽतन्त्र आएसँगै पञ्चायत ढाल्नका लागि गरिएको योगदान भन्दै काँठतिरका श्याम सापकोटाले फिलिम बनाएछन् बलिदान भन्ने ! त्यही गीत बलिदानमा राखियो । पञ्चायत ढाल्न परऽजाऽतन्त्र ल्याउनका लागि, गाउँमा गरिबमाथि भएको थिचोमिचोदेखि, असनका नेवार समुदायहरूले पुलिसलाई तातो पानी खन्याएको दृश्य पनि राखियो । फिलिम सुपर डुपर हिट । त्यही गीत अस्तिसम्म भएको स्थानीय निर्वाचनसम्म पनि सुपर हिट ।

०३६ सालतिरको गरिब नेपाल अहिलेसम्म पनि गरिब नै छ । त्यसबेलादेखि अहिलेसम्म पनि नेपाललाई गरिबहरूको देश भनेर विश्वमाझ चिनाइएको छ । परऽजाऽतन्त्र आएसँगै नेपालमा भित्रिएका हरियो नोटधारी सामाजिक कम्पनी नेपालमा छ्यापछ्याप्ती आए । तिनीहरूले चिलगाडी उडाउँदै पहाडदेखि तराईसम्मका बस्तीमा पुगे । ऱ्याले सिँगाने बच्चा अनि फाटेका कपडा लगाएका गरिबका फोटो खिचे विदेश पठाए अनि आफूहरूले मोजमस्ती लुटे, जुन अहिलेसम्म पनि जारी छ ।

हो, वास्तवमा नै भन्ने हो भने गरिबका लागि बोल्दिने ५० वर्षसम्म कोही पनि आएनन् । आउँछ भन्ने आशा गर्दा गर्दै एउटा पुस्ता नै सकियो । तर, बोल्दिने कोही भएन ।

०४६ सालपछि आउँछ कि भन्दा भन्दै आएन । गरिबले दुःख नै पाए । खाली काजगमा गरिबलाई तमसुक गराएर सम्पत्ति हडप्ने लाउकेहरू ३६ मा पनि बाघ बने, ४६ पछि पनि बाघ नै बने । गाउँमा दुःखजिलो गरी खाइरहेका मटयाङ्ग्राहरू उही चाउरिएको अनुहारमा माटोसँग खेल्नेबाहेक विकल्पै भएन ।

०५२ सालदेखि फेरि गरिबकै नारा घन्कियो । साम्यवादकै बखान चर्कियो । अझ, जनसरकार । जनअदातल । खै कुन्नी के-के ! मटयाङ्ग्राका बाले २००७ सालमा केटाकेटीदेखि पाएको दुःख मटयाङ्ग्राका छोराछोरीको पुस्ता ०७७ सालसम्म आइपुग्दा पनि जस्ताको त्यस्तै रहयो । सुख होइन, सास्ती देखियो । बस्ती लुटियो, खोसियो । छोरीबुहारी बलात्कृत हुन थाले । गरिबमाथि नै बज्रपात हुन थाल्यो । कोही भेटिएन, कोही सुनिएन । बरु बस्ती नै उजाड हुनेगरी गाउँ रित्तियो । एक दशकसम्म यस्तै कुन्नी के-के भइनै रहयो । धेरैले रगत बगाएर सालिक भए । गरिबका लागि बोल्छु भन्नेचाहिँ मालिक भए !

०६३ सालतिर आइपुग्दा गाउँ उजाड पारेर सहर छिरेका मटयाङ्गाहरूले साँच्चै नै गरिबको बोलिदिने मान्छे पाइन्छ कि भने संघर्ष गरे । परऽजाऽतन्त्र लोपारेर गनऽतन्त्र ल्याए । सुकिला मुकिलाका विरुद्ध थुप्रै भाषणहरू भए । गरिबको आशलाई बागमतीको बास बनाइयो । त्यही नाममा ३० वर्षदेखि कुन्नी के-के आयोग बने अरे त्यसमा पस्नेहरू मुसा थिए अहिले हात्ती भएर निस्किएका छन् अरे !

साँच्चै गरिबका लागि बोल्छु भन्ने सालिक बन्यो । सालिक भत्काउने मालिक बन्यो । एउटा स्वाँठलाई फाल्छु भन्दा सयौंको संख्यामा टोले बज्रस्वाँठ जन्मियो । र, त गरिबको बोल्दिने कोही छैन ।

०५० वर्षसम्म मटयाङ्ग्राहरू थिचोमिचोमा नै परे । नातावाद, क्रिपावाद अनि नोटवादमा साम्यवादको धोती फुस्कियो । कम्युनिस्टहरू कमाउनिस्टमा परितर्वन भए । वाद, सिद्धान्तहरू विदेशी ह्वीस्कीको चुस्कीमा समाहित हुँदा सम्भोगमा रमाए । हरियो डलरमा लोभिएका लोभीपापीहरूले किसान, मजदुरलगायतका मटयाङ्ग्राहरूलाई सालिक बनाउनेतर्फ लागे । झाले, माले, काले सबै एकै हुन थाले । सत्ता स्वादमा सवै भुल्न थाले र बल्ल मटयाङग्राहरूले चाल पाउन थाले ।

०७९ सालको सुरुमै ३६ सालको गीत घन्क्याउँदै 'गरिबको चमेली बोल्दिने कोही छैन' भन्दै बालेनले गाए । देशलाई गनऽतन्त्र बनाएपछि पहिलोपटक राज गरेका विभिन्न वादलाई तिलाञ्जली दिएर मटयाङ्ग्राहरूले घर आँगनको सरकारका रूपमा बालेन्द्रहरू ल्याए । तर, खै टिक्न दिन्छन् कि दिँदैनन् मटयाङग्राहरू नै तीन छक्क छन् । परऽजाऽतन्त्र आएको ३५ वर्ष पुग्न लाग्दा पनि न त देश बन्यो । न त जनता नै गरिबबाट माथि उठ्न सके । अझै पनि केही सयबाहेक ऋणको भारी थाप्लोमा बोकेर मुस्कान छरिरहेका छन् ।

बालेन्द्र सहरको रूप फेर्छु भन्दै लम्किएका छन् । युवा मटयाङ्ग्राहरू अनि वादबाट विरक्तिएका, बा र दाइबाट झोक्किएकाहरू उनकै पछि देखिएका छन् । हिजो वादमा रमाएर मटयाङ्ग्राहरूलाई घिटीघिटी पार्दै पञ्चयातदेखि गनऽतन्त्रसम्म लुट मच्चएकाहरू अहिले त्रसित भएका छन् । बालेनको डोजर काण्डलाई बहाना बनाउँदै सकुनीको पासा थाप्दै छन् । सरकारी सम्पत्तिमा रजगज गर्नेहरू धम्कीका राग गाउन लगाउँदै छन् ! र, त बालेन सुरक्षाको खोजीमा छन् ।

'छाडेर काम सारा एक काम रोजी रैछु
यो देशमा म एउटा मानिस खोजिरैछु'

डा.विश्वनाथ बरालले लेखेका यी शब्दमा शिशिरले त्यस्सै झक्कानो हालेर गाएका छैनन् । हामीले देश बनाउने व्यक्ति पाएनौं । पटक-पटक व्यवस्था फेरियो, तर अवस्था फेरिएन । अब अवस्था फेर्नु छ भन्दै आएका बालेनलाई नै शान्ति र सुरक्षा देखिएन भने गरिबको चमेली बोल्दिने कोही होला र ?

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# विकास र सुविधाले पनि रोकिएन बसाइँसराइ

■ ध्रुवसागर शर्मा

**गलेश्वर–**

*'गाउँगाउँ जस्तो छैन*
*सहरसहर जस्तो छैन*
*कसकसले केके गर्दिए कुन्नि*
*आफू जन्मिएको ठाउँ नै चिनिँदैन ।'*

कवि हेम हमालको कवितामा भनिएझैँ तीव्ररूपमा भइरहेको बसाइँसराइ र वैदेशिक रोजगारीप्रतिको बढ्दो आकर्षणका कारण ग्रामीण सौन्दर्य रित्तिदै जाँदा गाउँ गाउँजस्ता रहेनन् भने सहर पनि वर्णशंकर हुँदै जान थालेको छ ।

रुमका चिल्ला ढुंगाले छाएर चिटिक्कै पारिएका छाना । टुनी र सल्लाका काठले बारेर चिटिक्कै पारिएका बार्दली । तीन-चार हल गोरु नारेर दाइँ हाल्न मिल्ने ठूलो आँगन । आँगनकै छेउमा बाह्रैमास पानी झरिरहने धारो । घरको नजिकै धन्सारसहितको गोठ । वरिपरि खेतबारीको हरियाली । उत्तरतिर हेर्दा मुसुक्क मुस्कुराएजस्ता देखिने धौलागिरि हिमशृंखला ।


हेर्दै रहरलाग्दो म्याग्दीको मालिका गाउँपालिका-२ मा पर्ने रुम गाउँको यो सौन्दर्य अहिले बसाइँसराइँका कारण एक्लिदै जान थालेको छ । गाउँमा घरहरू त छन् तर, घरमा बस्ने मानिसहरू छैनन् । बस्ती पातलिँदै जान थालेको छ । भीरपहरा र खोलाहरू छिचोल्दै गाउँमै सडक पुगेको छ । सुविधा थपिएका छन् । विद्यालय, स्वास्थ्यचौकीदेखि लिएर खानेपानी र सिँचाइको राम्रो सुविधा भए पनि मानिसहरू थप सुविधाको खोजीमा सहरबजार र तराईतिर जानेक्रम भने नरोकिएको मालिका गाउँपालिकाका पूर्वअध्यक्ष श्रीप्रसाद रोका बताउँछन् । रुममात्रै होइन, आफ्नै रीतिथिति र जीवनशैलीमा रमाएको जिल्लाका दर्जनौं गाउँ पछिल्लो समय बसाइँसराइका कारण उजाडिँदै जान थालेका छन् ।

एक दशकअघिसम्म बाक्लो बस्ती भएका गाउँ बढ्दो बसाइँसराइले पातलिँदै गएका छन् । अहिले अवस्था पूरै फेरिएको छ । मालिका, मंगला र बेनी नगरपालिका विभिन्न बस्तीबाट सबैभन्दा बढी बसाइँसराइ भएको छ । कतिपय गाउँमा त केही समस्या आइहाले हारगुहार गर्दा सुन्ने र सहयोग गर्ने छिमेकीसमेत नपाइने अवस्था सिर्जना भएको छ । गाउँघरमा कसैको घरमा कुनै घटना भयो भने पनि थाहा पाउने र आडभरोस दिने मानिस छैन ।

जिल्लाका ग्रामीण भेगहरूमा पुग्दा बाक्ला घरहरू त देखिन्छन् तर घरमा बस्ने मानिसहरू भेटिँदैनन् । ताल्चा लगाइएको घरको ढोका अगाडिको पिँढी र आगनमा झार उम्रिएको छ । प्लास्टिकले ओत दिएर घर अडाइएको छ । घरहरूमा भेटिएका केही थान मानिसहरू पनि उमेरले ज्येष्ठ नागरिकहरू नै थिए । रित्तिएका घरहरूका खेतबारी पनि बाँझा छन् । अगेनीमा ऐजैरु पलाएको छ ।

पछिल्लो आमनिर्वाचनमा कूल मतको ४३ प्रतिशत मत मात्र खसेको बेनी नगरपालिका-३ तोराखेत गाउँको अवस्था पनि यस्तै छ । क्षेत्री र दलित समुदायको मिश्रित बसाइँ रहेको यो गाउँ पहिरोका कारण पनि उजाडिएको छ । एक दशकअघिसम्म २१७ धरधुरी रहेको यो गाउँमा अहिले ३९ घर परिवारको मात्र बसोबास रहेको र अरु सबै बसाइँसराइ गरी अन्यत्र गइसकेको स्थानीय अगुवा डिलबहादुर सापकोटाले बताए ।

गाउँघर रित्तिदै जाने सिलसिला रुम र तोराखेतको मात्र होइन, जिल्लाका अधिकांश बस्तीहरूको यो साझा समस्या हो । जिल्लाको पश्चिमी क्षेत्रका वडाहरूमा बर्सेनि सयौं परिवारले गाउँ छोड्ने गरेका छन् । गाउँमा उत्पादनमुखी काममा लाग्नुभन्दा घरमुलीको जागिरको पैसाले सहरको बसाइँमा रमाउनेको संख्या अधिक देखिन्छ ।



उता शिक्षा र स्वास्थ्य सेवा गाउँ घरमा उपयुक्त नपाएका कारण पनि ग्रामीण समुदायको बसाइँ रित्तिदै गएको देखिन्छ । सहर केन्द्रित बसाइँ पछिल्लो दुई दशकदेखि बढेर गएको हो । पचासको दशकमा देशमा सुरु भएको सशस्त्र जनयुद्धले धेरै गाउँका मानिसहरू सदरमुकाम र बजार क्षेत्रमा झरे । युद्ध सकिएको साठीको दशकमा यो क्रम रोकिने विश्वास थियो तर बसाइँसराइ रोकिएन ।

पछिल्लो राजनीतिक मुद्दा पनि बसाइँसराइ रोक्नुपर्छ भन्ने भएको छ । निर्वाचनका बेलामा म्याग्दी जिल्लाका प्रतिनिधिसभाका सांसद खमबहादुर शेरपुंजा (खम्वीर)ले पनि गाउँको बसाइँसराइँ रोक्ने योजना सार्वजनिक गरेका थिए । उनले गाउँमा मोटरबाटो निर्माण भएको, घरघरमा खानेपानी र अन्य पूर्वाधार बन्दै गरेको भए पनि गाउँका बस्ती रित्तिएकामा चिन्ता व्यक्त गरे ।

एक दशकअघि ५२ घरधुरी भएको बेनी नगरपालिका-२ गौश्वारा गाउँमा अहिले २२ घरधुरी मात्रै छन् । त्यसैगरी २१७ घरधुरी भएको उपल्लो ज्यामरुककोट क्षेत्रबाट ६२ परिवारले बसाइँ सरेको बेनी नगरपालिका-२ का वडा सदस्य चन्द्रकान्त शर्माले बताए । बेनी नगरपीलका-२ का वडाध्यक्ष यामबहादुर कार्कीले पाँच वर्षमा ४६ बढी परिवारले बसाइँ सरेको जानकारी दिए । गाउँमा विकासले विस्तारै गति लिँदै गरे पनि बसाइँ सर्नेको संख्यामा भने कमी आउन नसकेको उनको भनाइ छ ।

गाउँमा समस्या पर्दा सहयोग गर्ने छिमेकीसमेत पाइन छाडेको मालिका गाउँपालिका-५ देविस्थानका ६४ वर्षीय शेरबहादुर बुढाले बताए । बसाइँ सरेर जाने क्रमले गाउँमा विकास निर्माणको काम गर्नसमेत समस्या हुने गरेको उनको भनाइ छ । म्याग्दीबाट प्रायः काठमाडौं, पोखरा, चितवनलगायतका सहरी क्षेत्रमा बसाइँ सर्ने गरेका छन् ।

गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, रोजगारी, लगानी, उद्योग व्यवसाय, सुरक्षा, सामाजिक सम्बन्ध र समानता खोज्दै तराई झर्ने क्रम तीव्र बन्दै जाँदा ग्रामीण भेगका बस्ती शून्य बन्दै गएका छन् । संघीयता कार्यान्वयनमा आएसँगै सेवा र सुविधा खोज्दै गाउँबाट सहर झर्ने क्रम रोकिने अपेक्षा गरिएको थियो । तर, गाउँमा रोजगारी, शिक्षा, स्वास्थ्य र अन्य आधारभूत सेवा थपिँदै गए पनि बसाइँसराइ घट्नुको साटो बढिरहेकामा स्थानीय जनप्रतिनिधिहरूलेसमेत चिन्ता व्यक्त गरेका छन् ।

बढ्दो बसाइँसराइले गाउँघर खाली बन्दै गएका छन् । बस्ती पातलिँदा असुरक्षा बढ्दै गएको रघुगंगा गाउँपालिकाका प्रमुख भवबहादुर भण्डारीले बताए । प्रायः छोराहरू वैदेशिक रोजगारीमा जाने र पैसा कमाएपछि सपरिवार सहर झर्ने गरेको उनको भनाइ छ । 'कतिपयले गाउँमा भएको घर, खेतबारी बेचेर सहर झरेका छन् भने केहीले खेतबारी बाँझै छोडेर सहर झरेका छन्,' भण्डारीले भने, 'आमाबुवा पनि छोराछोरीकै साथ लागेर सहर झर्ने क्रम बढ्दा गाउँका खेतीयोग्य जमिन जंगलमा परिणत हुँदै गएका छन् ।'

अहिले जिल्लाबाहिर मात्र नभई जिल्लाभित्रै पनि गाउँ छोडेर बजार क्षेत्रमा बसाइँ सर्ने क्रम बढ्दो छ । जिल्लाका प्रमुख व्यापारिक केन्द्र सदरमुकाम बेनी, दरबाङ, गलेश्वर, पोखरेबगर, बाबियाचौरलगायतका बजार क्षेत्रमा जनघनत्व बढ्दै गएको छ । द्वन्द्व, झैँझगडा, जंगली जनावरको आतंकलगायतका कारण वर्षौं पहिलेदेखि सुरु भएको बसाइँसराइ गाउँगाउँमा सडक, बत्ती, खानेपानी पुग्दा पनि नरोकिएको बेनी नगरपालिका-२ बगरफाँटका ८६ वर्षीय बेदप्रसाद उपाध्यायले बताए । अहिले गाउँमा सुन्दर प्रकृति, आवश्यक विकास र थुप्रै अवसर सबै छन् । छैनन् त केवल प्रकृति, विकास र अवसरलाई सदुपयोग गर्ने युवा । 'युवा नहुँदा गाउँ, गाउँघरजस्तो लाग्दैन । गाउँले, गाउँले जस्ता देखिँदैनन्,' आफ्ना २६ वर्षीय छोरालाई विदेश जानबाट रोकेर गाउँमै कृषि कर्ममा लगाएका ज्यामरुककोटका चन्द्रबहादुर कार्कीले भने, 'मुलुकमा आएको ठूलो परिर्वतनसँगै गाउँलेका रहर र सपनामा पनि परिवर्तन आएको छ । केटाकेटी १० कक्षा पास गरेपछि सहर पस्छन् । १२ पास गरे परदेशी बन्छन् । विदेश जान गाउँमा होड चल्छ । गाउँमा रहेका अवसरहरूप्रति त कसैको आँखै लाग्दैन ।' म्याग्दीमा केही समययता विदेशबाट फर्केर गाउँमै उद्यम गर्ने युवाहरूको संख्या बढ्दै गए पनि विदेश नै नगई गाउँमा नै अवसरहरूको खोजी गर्ने युवा भने नगण्य मात्रामा रहेका छन् ।

'स्कुले बालबालिकादेखि लिएर ४५ वर्षीय वयस्क व्यक्तिलेसमेत विदेशकै चाहना राखेको हुन्छ,' बुद्ध एकेडेमीका शिक्षक प्रेम शाहीले भने, 'कक्षामा बालबालिकालाई भविष्यमा तिमी के बन्ने चाहना राखेका छौं ? भनेर सोध्ने हो भने धेरैको मुखबाट 'लाहुरे' शब्द फुत्त निस्कन्छ ।'

युवाहरूमा सकेसम्म युरोप, अमेरिकामा बस्ने नसके खाडी मुलुकमै गएर भए पनि केही कमाएर फर्कने भन्ने मानसिकताले गर्दा गाउँमा रहेका रोजगार र आयआर्जनका अवसर र सम्भावनाहरू ओझेलमा परेको छ । रोजगारीका लागि विदेश पसेका युवाबाट म्याग्दीमा वार्षिक तीन अर्बको हाराहारीमा रेमिटचान्स भित्रिने गरेको बैंक तथा वित्तीय संस्थाहरूको तथ्यांक छ ।

रेमिट्यान्सले पैसा त आयो तर पैसासँगै गाउँमा खुसी भने आउन सकेको छैन । छोराछोरीले विदेशमा कमाएको पैसाबाट किनिएका सहरका घर र घडेरीमा गाउँका वृद्धवृद्धाहरू बसाइँ सर्न मानेका छैनन् । गाउँको चिसो पानी, उर्बर माटो र त्यही माटोमा लडिबुडी खेलेर हुर्केको जवानी त्यति सजिलै बिर्सन उनीहरू तयार छैनन् । उनीहरूमा गाउँप्रतिको अगाध प्रेम अझै छ ।

**बसाइँसराइका कारण जनसंख्या घट्यो**

म्याग्दीमा वैदेशिक रोजगारीमा जाने, सेवा सुविधाका लागि ठूला सहर र जिल्लाबाहिर बसाइँसराइँ गर्ने र कम बच्चा जन्माउने प्रवृत्तिका कारण १० वर्षअघिको तुलनामा जनसंख्या घटेको पाइएको छ । केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको नेपालको जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार २०६८ सालको तुलनामा ०.५४ प्रतिशतले म्याग्दीको जनसंख्या घटेको हो ।

वि.सं. २०६८ को जनगणनाअनुसार एक लाख १३ हजार ६४१ जना जनसंख्या रहेको जिल्लामा २०७८ को प्रारम्भिक नतीजामा एक लाख सात हजार ३७२ जना भएको जिल्ला जनजणना अधिकारी घनश्याम सापकोटाले जानकारी दिए । 'म्याग्दीको जनसंख्या घट्नुमा वैदेशिक रोजगार र बसाइँसराइ नै प्रमुख कारण हो,' सापकोटाले भने । *रासस*


**No Objection Letter Lost**

मिति **2079-9-28** गते कुलेश्वरदेखि त्रिपुरेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको **NO Objection Letter** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम थर: Manish Bista
NO Objection Letter नं. 7916444
ठेगाना : Mandandeupur-09,Kavrepalanchok,Nepal
Subject : Business
Level : Bachelor
Name of Institution : King's Own Institute
Country : Australia
फोन : 9813527505



**लिखु पिके गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चौलाखर्क, सोलुखुम्बु**
**१. नं. प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाति मितिः २०७९/१०/०३**

यस कार्यालयको लागि चालु आ.व. २०७९/८० मा तपसिल बमोजिमका सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले रितपूर्वक सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरुः**

- शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु यो सूचना प्रकाशित भएको मितिले सोह्रौं दिनको कार्यालय समय भित्र तोकिए बमोजिम दस्तुर जम्मा गरी फिर्ता नहुने गरी अद्यावधिक इजाजतपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र र आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी निवेदन साथ संलग्न राखि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
- खरिद भएको दरभाउपत्र प्रष्टसंग भरी प्रत्येक पानामा सहि छाप गरी खाम बाहिर फर्मको नाम, ठेगाना, ठेक्का नं र फर्मको विवरण प्रष्टसंग लेखि १६ औ दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गराउनुपर्नेछ । दर्ता भएको सिलबन्दी दरभाउपत्र सोहि दिनको २ बजे उपस्थित शिलबन्दी दरभाउपत्र दाताहरु तथा प्रतिनिधीहरुको रोहवरमा यसै कार्यालयमा खोलिनेछ । शिलबन्दी दरभाउपत्र दाताहरु तथा प्रतिनिधीहरुको उपस्थिति नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
- शिलबन्दी दरभाउपत्र शर्त रहित हुनुपर्नेछ । केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिले सहि छाप गरेको हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको, प्रचलित कानुन बमोजिम रित नपुगेको र सूचनाका शर्त विपरीत प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
- पेश हुन आएका शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।
- यस सूचना सम्बन्धी कुनै किसिमको अन्य जानकारी चाहिएमा कार्यालय समयभित्र ९८५२८८२६००, ९८५१२१५२८९ वा likhupikerm@gmail.com मा सम्पर्क राख्न सकिनेछ ।
- यस सूचनामा उल्लेखित कुराहरु शंसोधन गर्नुपरेमा यस कार्यालयको सूचना पाटिमा टाँस गरिनेछ ।
- यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।
- अन्य थप जानकारी शिलबन्दी दरभाउपत्रको कागजातबाट प्राप्त गर्न सकिनेछ ।

**शिलबन्दी दरभाउपत्र विवरण :**

| क्र.स. | ठेक्का नं. | जमानत रकम | शि.द.दरभाउपत्रको दस्तुर | कैफियत |
|---|---|---|---|---|
| 1. | 06/SQ/LPKRM/G/2079-80 | 25,000 | 1,000 | प्रयोगशाला उपकरणहरु |

**प्रमुख प्रशासकीय अधिकृत**



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ABDULLAH ABDUL RAHMAN BIN AHMED ALGHAMDI APPARTMENTS FOR FURNISHED**

पूर्व स्वीकृति मिति २०७९/०९/१९ | LT. No. 278830 | चलानी नं. ६०१९४२८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Keeper | 4 | 0 | 1200 | ४१,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १० गते (24th Jan. 2023) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Gandaki Gurkhas Pvt. Ltd.** श्रम इजाजत नं. ६३०/०६३/०६४
New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024



## बहराईनमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : FOOD VEST MANPOWER CO WLL**

पूर्व स्वीकृति मिति २०७९/०७/१८ | LT. No. :274903 | चलानी नं. ६०१९१५४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 150 | ५१,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १० गते (24th Jan. 2023) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Florida Recruitment Service Pvt. Ltd.** Govt. License 322/059/060
Kathmandu-3, Lazimpat. Tel : +977-1-4415253/ 4415252, Fax: +977-1-4415253



## मलेशियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MEMOLAND INDUSTRY SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/०२ | LT. No. 273920 | चलानी नं. ६०१८९६९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 14 | 0 | 1500 | ४४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १० गते (24th Jan. 2023) सम्म हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 776/065/066
**DREAMLAND MANAGEMENT PVT.LTD.**
**(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)**
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : NEW TOP CHOICE CLEANING**

पूर्व स्वीकृति मिति २०७९/०९/२१ | LT. No. 278935 | चलानी नं. ६०१९४४३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४२,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 10 | 0 | 1000 | ३५,५६० | | | | | | | |
| 3 | Marketing | 1 | 0 | 3500 | १२४,४५५ | | | | | | | |
| 4 | Salesman | 1 | 0 | 1500 | ५३,३३५ | | | | | | | |
| 5 | Store Keeper | 1 | 0 | 2000 | ७१,११५ | | | | | | | |
| 6 | Supervisor | 2 | 0 | 2500 | ८८,८९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १० गते (24th Jan. 2023) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम इजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251, 9801354109
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : HUSSAIN AHMED BIN SHERIDA AL BURAYAH ESTABLISHMENT FOR GENERAL CONTRACTING**

पूर्व स्वीकृति मिति:२०७९/०९/२९ | LT. No.279289 | चलानी नं. ६०१९४९८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 1 | 0 | 1600 | ५५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : THORAYA BINT MOHAMMED BIN ABDUL RAHMAN ARAFH RESTAURANT FOR SERVING MEALS**

पूर्व स्वीकृति मिति:२०७९/०९/१३ | LT. No.278012 | चलानी नं. ६०१९४४१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labour | 2 | 0 | 1000 | ३४,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : AL HAFASH EST FOR GANERAL CONTRACTING**

पूर्व स्वीकृति मिति:२०७९/०९/२९ | LT. No.279287 | चलानी नं. ६०१९४९८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 13 | 0 | 2000 | ६८,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १० गते (24th Jan. 2023) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com

प्रभाव दैनिक

रूपशाला

## ओस्कार लाइब्रेरीमा छेल्लो शो

पान नलिनको गुजराती फिल्म 'लास्ट फिल्म शो (छेल्लो शो)' ओस्कार लाइब्रेरीको हिस्सा बन्ने भएको छ । जसका लागि ओस्कार अवार्ड आयोजकले फिल्मका निर्मातालाई फिल्मको स्क्रिप्ट मागेका छन् । द लाइब्रेरी अफ द एकेडेमी अफ मोसन पिक्चर आर्टस् एन्ड साइन्सेजले मनसून फिल्मस्लाई एक पत्र लेख्दै आफ्नो स्थायी कोर कलेक्सनमा फिल्मलाई राख्न स्क्रिप्टको एक कपी मागेको हो । मनसुन फिल्मस्, रोय कपूर फिल्मस् र जुगाड मोसन पिक्चर्सले 'छेल्लो शो' निर्माण गरेको हो ।




मंगलबार, ३ माघ २०७९ (Tuesday, January 17, 2023)

# निर्माता संघले हल व्यवसायीसँग वार्ताका लागि बनायो समिति



■ प्रभाव संवाददाता

**काठमाडौँ–** चलचित्र निर्माता संघले प्रदर्शकहरूको संस्था चलचित्र संघसँग वार्ताका लागि महासचिव सुनिलकुमार थापाको संयोजकत्वमा सात सदस्यीय वार्ता समिति गठन गरेको छ ।

सोमबार बसेको संघको कार्यसमिति बैठकले वार्ता समिति गठन गर्दै गत गत शुक्रबार सम्पन्न निर्माताको भेलाबाट प्राप्त सुझावलाई वार्तामा टेबुल गर्न समेत भनेको छ । वार्ता टोलीमा सचिव किसन पोखरेल, कार्यसमिति सदस्यहरू ज्ञानेन्द्र देउजा, दीपकराज गिरी, खगेन्द्र लामिछाने, किरण नेपाली र रामबाबु गुरुङ छन् । अध्यक्ष नवल खड्काले हालैको राष्ट्रिय भेलाबाट प्राप्त सुझावलाई आफूहरूले वार्तामा एजेण्डाको रूपमा प्रस्तुत गर्ने बताए । जतिसक्दो चाँडो वार्ता गर्ने तयारीमा आफूहरू रहेको उनले बताए ।

अध्यक्ष खड्काका अनुसार चलचित्र संघसँगको वार्तामा हलसँगको सेयर बाँडफाँट तथा ट्रेलर, पोस्टर, सर्भर इनकोडिङ शुल्क लिइएको विषयमा छलफल हुनेछ। 'नेपाली फिल्मलाई प्रदर्शनको प्राथमिकतामा राख्न समेत हामीले आग्रह गर्नेछौं,' खड्काले भने, 'सौहार्द्धपूर्ण वातावरणको तयारी छ । माग पूरा नभए कठोर परि स्थितिमा अघि बढ्नुपर्ने हुन्छ ।'

चलचित्र संघले चाहिं महासचिव नरेन्द्र महर्जनको संयोजकत्वमा यसअघि नै वार्ता टोली गठन गरिसकेको छ । यसैबीच, निर्माता संघले आइतबार पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनामा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली र परिवारप्रति सहानुभूति व्यक्त गरेको छ ।

# लोकप्रिय बन्दै रोहितको सान्बाबु

**काठमाडौँ (प्रस)–** गीतकार रोहित घिमिरेको नयाँ गीत 'सान्बाबु' सांगीतिक बजारमा लोकप्रियताको शिरमा चढ्दो छ । केही दिन अगाडि सार्वजनिक यो गीतमा एक युगल जोडिको प्रेम शब्दमा बुनिएका छन् ।

एक दशकदेखि गीत लेखन गर्दै आएका गीतकार घिमिरेको यस गीतमा संगीत सिएल शर्माले दिएका छन्, भने स्वर गायिका प्रतिमा केसी र गायक प्रबिण बेडवालको छ । गीतको




एरेन्ज सञ्जीव बराईलीले गरेका हुन् ।

प्रकाश धिताल निर्देशित गीतको भिडियोमा केकी अधिकारी र उमेश भट्टको रोमान्स देख्न सकिन्छ । उत्सव दाहालले छायाङ्कन गरेको भिडियो विकास दाहालले सम्पादन गरेका हुन् ।

गीतकार अधिकारीका यस अगाडि करिब ३ दर्जन बढी गीतहरू बजारमा आएका छन् । जसमा अञ्जु पन्त, रचना रिमाल, अस्मिता अधिकारी, प्रतिमा केसी, प्रवीण बेडवाल, रवि शर्मा, शिव परीयार, प्रताप दास, प्रमोद खरेललगायतका गायक गायिकाले स्वर दिएका छन् ।

# सिड्नीमा सविन र रीमा




■ प्रभाव संवाददाता

**काठमाडौँ–** अस्ट्रेलियाको एक ठुलो सहर सिड्नी विषयमाथि नेपाली फिल्म 'सिड्नी' निर्माण हुने भएको छ । देव कुमार श्रेष्ठको निर्देशन रहने फिल्मको आइतबार साँझ राजधानीको होटेल एभरेस्टमा एक कार्यक्रमका बिच औपचारिक निर्माण घोषणा भयो । फिल्ममा सविन श्रेष्ठ र रीमा विश्वकर्माको जोडी मुख्य भूमिकामा रहनेछन् ।

वैशाख छेकोबाट छायाङ्कन सुरु हुने फिल्म ओमाईगड इन्टरटेन्मेन्ट र आचार्य ब्रदर्सको संयुक्त ब्यानरमा निर्माण हुने लागेको हो । फिल्मको २० प्रतिशत नेपालमा र ८० प्रतिशत सिड्नीमा छायाङ्कन हुनेछ । छायाङ्कनमा निस्कनुअघि फिल्मका लागि अन्य कलाकार छनोट गरिने कार्यक्रममा निर्देशक श्रेष्ठले जानकारी दिए । 'फिल्मले नेपालदेखि अस्ट्रेलियासम्मको कथा बोल्नेछ । फिल्मले अस्ट्रेलिया नेपाली विद्यार्थीले गर्ने सङ्घर्ष कथाको रूपमा उठाउन खोजिएको छ,' श्रेष्ठले थपे ।

अम्बर रसाइली प्रस्तुतकर्ता रहेको फिल्मको निर्मातामा चोला बहादुर आचार्य र भीमराज रसाइली छन् । युगलध्वज कार्कीको लेखन रहेको फिल्मलाई हरि बहादुर घलेले छायाङ्कन गर्नेछन् । प्रोडक्सन डिजाइनरमा शंकर पाण्डे रहेको फिल्म एक्सन तथा थ्रिलर जनरामा निर्माण हुनेछ ।

कार्यक्रममा अभिनेता सविनले आफू एक्सन भूमिकामा देखिन लागेको बताए । उनले यस अगाडिको फिल्म भन्दा भिन्न यो फिल्ममा आफूलाई देख्न सकिने बताए । अभिनेत्री रीमाले कथावस्तुले आफूलाई फिल्ममा काम गर्न आकर्षित गरेको बताइन् । रीमाले पहिलो पटक सविनको जोडीको रूपमा अभिनय गर्न लागेकी हुन् ।



**प्रधानमन्त्री कप राष्ट्रिय महिला टी-२०**

# प्रदेश १ र सुदूरपश्चिम प्रदेशको लगातार दोस्रो जित




■ प्रभाव संवाददाता

**काठमाडौँ–** सुदूरपश्चिम प्रदेश र प्रदेश १ ले इटहरीमा जारी प्रधानमन्त्री कप राष्ट्रिय महिला ट्वान्टी-२० क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित निकालेका छन् । इटहरीको जनता क्रिकेट पार्कमा सोमवार सम्पन्न दोस्रो खेलमा सुदूरपश्चिम प्रदेशले गण्डकी प्रदेशलाई ९ विकेट तथा पहिलो खेलमा प्रदेश १ ले लुम्बिनी प्रदेशमाथि ९ रनको रोमाञ्चक जित निकाल्दा दुवै टोलीले जारी प्रतियोगितामा लगातार दोस्रो जित निकालेका हुन् ।

यस जितसँगै समूह 'ए' को सुदूरपश्चिमले दुई खेलमा चार अंक जोड्दा गण्डकीले लगातार दोस्रो हार व्यहोरेको छ । पहिलो खेलमा सुदूरपश्चिमले वागमती प्रदेशलाई ३३ रनले हराउँदा गण्डकी विभागीय टोली एपिएफसँग सात विकेटले पराजित भएको थियो । सोमबार गण्डकीले प्रस्तुत गरेको ६१ रनको लक्ष्य सुदूरपश्चिमले ११ ओभरमा १ विकेटको क्षतिमा भेट्टायो । सुदूरपश्चिमका लागि कप्तान विन्दु रावलले ४३ बलमा आठ चौका मद्दतमा अविजित ४६ रनको पारी खेलिन् । यस्तै शोभा रोकाय ८ रनमा अविजित रहिन् । गण्डकीका लागि एक मात्र विकेट निरुता जिटीले हात पारिन् ।

यसअघि टस जितेर ब्याटिङ रोजेको गण्डकीले पूरै २० ओभरमा ९ विकेटको क्षतिमा ६० रनको योगफल बनाएको थियो । गण्डकीका लागि सिमान केसीले १३ रन बनाउनु बाहेक अन्य खेलाडीले दोहोरो अंकको स्कोर बनाउन सकेनन् । बलिङतर्फ सुदूरपश्चिमका लागि मनिषा चौधरीले ४ तथा स्नेहा महरा र ईश्वरी बिष्टले समान १/१ विकेट लिए ।

प्रतियोगिता अन्तर्गत सोमबार नै सम्पन्न दिनको पहिलो खेलमा प्रदेश १ ले लुम्बिनी प्रदेशमाथि ९ रनको रोमाञ्चक जित निकाल्न सफल भएको हो । इटहरीको जनता पार्कमा ढिलो गरी शुरु भएको खेलमा लुम्बिनी प्रदेशलाई ९ रनले हराउँदै प्रदेश १ ले लगातार दोस्रो जित निकालेको हो । मैदान ओसिलो भएपछि ९ ओभरमा झारिएको खेलमा प्रदेश एकले लुम्बिनीलाई ६० रनको लक्ष्य दिएको थियो । जवाफी ब्याटिङ गरेको लुम्बिनीले पूरै ९ ओभरको समाप्तिमा ७ विकेट गुमाएर मात्र ५० रन जोड्न सक्यो ।

लुम्बिनीका लागि ओपनर लक्ष्मी चौधरीले सर्वाधिक ३१ रनको जोडेकी थिइन् । १७ बल सामना गरेकी लक्ष्मीले ४ चौका र १ छक्का प्रहार गरेकी हुन् । कप्तान सरस्वती जिएमले ६ रन जोड्नु बाहेक अन्य खेलाडीले राम्रो स्कोर बनाउन सकेनन् । रोमाञ्चक जित निकाल्ने कसिलो बलिङ गरेको प्रदेश १ का लागि संगीता राईले सर्वाधिक ३ विकेट निकाकल्दा सबनम राई, ज्योती दनुवार र रुबिना क्षेत्रीले समान १/१ विकेट हात पारे ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको प्रदेश १ ले छोट्याइएको ९ ओभरमा ४ विकेट गुमाएर ५९ रन बनाएको थियो । काजल श्रेष्ठले सर्वाधिक २१ रनको पारी खेल्दा कप्तान रुबिना क्षेत्रीले १७ रन जोडिन् । यस्तै अप्सरी बेगमले १२ रन जोड्दा स्मृति कटुवाल र सबनम राई क्रमश ४ र १ रनमा अविजित रहे । प्रदेश १ को चार विकेट निकाल्ने क्रममा लुम्बिनीकी कृतिका मरासिनी, सरस्वती पुन र विभष्णा बिसीले १/१ विकेट लिए । यस जितसँगै प्रदेश १ ले २ खेलमा ४ अंक जोडेको छ । प्रदेश १ समूह बी को शीर्ष स्थानमा रहेको छ । प्रतियोगितामा मंगलवार पनि दुई खेल हुनेछन् । दिनको पहिलो खेल कर्णाली र प्रदेश १ तथा दोस्रो खेल सुदूरपश्चिम र विभागीय टोली एपिएफबीच प्रतिष्पर्धा हुनेछ ।

**यलम्बर कप ब्याडमिन्टन**

# पूर्ण र राजुको जोडी सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौँ–** नखिपोट युथ क्लब ब्याडमिन्टन सर्कलको आयोजनमा भईरहेको तेश्रो यलम्बर कप तथा प्रथम राष्ट्रब्यापी भेट्रान ब्याडमिन्टन च्याम्पियनसिपमा किर्तिपुरका पूर्ण चन्द्र जोशी र राजु महर्जनको जोडी सेमिफाईनल प्रवेश गरेका छन् ।

उक्त जोडीले बुटवलका नारायण प्रसाद घिमिरे र बिष्णु श्रेष्ठको जोडीलाई १६-२१, २१-१६, २१-११ ले पराजित गर्दै सेमिफाईनल स्थान सुरक्षित गरे । यस्तै एनवाइसी का पूर्ण बुढाथोकी र कुमार राईको जोडीले ग्यालेक्सीका राजु भुजु र रमेश डङ्गोलको जोडीलाई २१-१८, १७-२१, २१-१८ ले, ललितपुरका सुरेश बस्नेत र इमाडोल ब्याडमिन्टनका दिल बहादुर कदङ्गवाको जोडीले एनवाईसीका कुल प्रसाद लिम्बु र मेघ राज लिम्बुको जोडीलाई २१-५, २१-८ ले तथा एपिएफका बल बहादुर लामिछाने र प्रेम कुमार श्रेष्ठको जोडीले कास्कीका रमेश भट्टचन र कमल थापाको जोडीलाई २१-१८, २१-१० ले पराजित गर्दै अन्तिम ४ मा स्थान बनाएका हुन् ।

पुरुष डबल्स ३५ बर्ष माथिको स्पर्धामा कास्कीका विशाल खड्का र आर्मीका सुरोज महर्जनको जोडीले विजयी सुरुवात गरे । उक्त जोडीले पिबिसीका सुनिल बाराही र ब्याडमिन्टन रिमिक्स क्लबका राजेन्द्र महर्जनको जोडीलाई २१-१०, २१-१९ को सोझो सेटमा पराजित गर्दै अन्तिम १६ मा स्थान बनाए ।

यस्तै नुवाकोटका चन्दन घले र सामाखुसीका टिका थापा मगरको जोडीले वाईबीसी का रविन्द्र श्रेष्ठ र सुरोज श्रेष्ठको जोडीलाई २१-१५, १६-२१, २१-१६ ले पराजित गरे ।


यस्तै अन्तिम १६ प्रवेश गर्ने क्रममा मानभवन ब्याडमिन्टन क्लबका आकाष छन्त्याल र न्यु बिएसका नारायण गौतमले तेजेन्द्र गुरुङ्ग र सुभाष उलकबाट वाकओभर, मध्यपुर ब्याडमिन्टन क्लबका दीपक खत्री र केशव कार्कीको जोडीले एमएससी का सुर्य बल र छत्र लामिछानेको जोडीलाई २१-१०, २१-११ ले, चितवनका विद्वान गुरुङ र किरण लामाको जोडीले इमाडोल ब्याडमिन्टन एण्ड स्पोर्टस् क्लबका हरि दर्नाल र पद्दुपती श्रेष्ठको जोडीलाई २१-९, २१-५ ले, ब्याडमिन्टन रिमिक्स क्लबका शान्त डङ्गोल र दिपेश शाक्यको जोडीले एनवाईसीका जय राई र राकेश राईको जोडीलाई २१-१२, २१-१५ ले, दथुलका राजु बज्राचार्य र नखिपोटका राम राईको जोडीले चन्द्रागिरी ब्याडमिन्टन क्लबका धर्म घिमिरे र बिपिन शाहको जोडीलाई २१-१४, २१-१४ले पराजित गर्‍यो ।



ब्याडमिन्टन रिमिक्स क्लबका दिपन महर्जन र भुवन श्रेष्ठको जोडीले बुद्धनगर ब्याडमिन्टन क्लबका एसआए दर्लामी र कुमार राईको जोडीलाई २१-१४, २१-६ ले, मानभवन ब्याडमिन्टन क्लबका उपेन्द्र गिरी र विभोर लामाको जोडीले दशरद बुढा र प्रदीप राईको जोडीलाई १६-२१, २१-१८, २१-१९ ले, एपिएफका धिरेन चन्द र इन्द्र महताको जोडीले स्वस्तीक स्पोर्टस् क्लबका छत्र नायक र बिक्रम निरौलाको जोडीलाई २१-१७, २१-१७ ले, मध्यपुर ब्याडमिन्टन क्लबका नवराज भण्डारी र शालिक गौतमको जोडीले एनवाईसीका मुकेश राई र कुल श्रेष्ठको जोडीलाई २१-१८, २१-१४ ले, चितवनका राज कुमार गुरुङ र टोखाका दामोदर श्रेष्ठको जोडीले विकास राई र दिनेश राईको जोडीलाई २१-७, १८-२१, २१-१७ ले, थेचो ब्याडमिन्टन कलबका देभेश बस्नेत र प्रल्हाद के.सी.को जोडीले जीवन गुरुङ र सान बहादुर साम्बाको जोडीलाई १६-२१, २१-१४, २४-२२ ले पराजित गरेको थियो ।

इमाडोल ब्याडमिन्टन एण्ड स्पोर्टस्का डी. कुमार आचार्य र आर. घिमिरेको जोडीले मध्यपुर ब्याडमिन्टन क्लबका नवराज सापकोटा र सन्तोष श्रेष्ठको जोडीलाई २१-१९, १६-२१, २१-१५ ले पराजित गरे भने, पुलिसका बिष्णु कटुवाल र कास्कीका शम्भु कुमार श्रेष्ठको जोडीले कलंकीका राम आले मगर र रितेश राज श्रेष्ठको जोडीबाट वाक ओभर प्राप्त गरे ।

यस्तै पुरुष जोडी ४५ बर्ष सुनिल बज्राचार्य र भरत प्रसाद चौरसिया, एनएका सान बहादुर साम्बा र कमल थापा, एपिएफका धिरेन चन्द र चेत सिंह थापा, पाँचथरका गजेन्द्र बहादुर लिम्बु र नविन सिंह राई, देवीनगर ब्याडमिन्टन क्लबका दिल कार्की र चन्द्र कुवेर खापुङ्ग, एनवाइसीका चन्द्र श्याम डङ्गोल र जीवन कुमार राई, कैलालीका रामसरण के.सी. र हरि खत्री, नखिपोटका रमेश घले र जगन बहादुर सुनुवार, कास्कीका राजेश गुरुङ्ग र शम्भु कुमार श्रेष्ठ, प्रकास राई र कलयाण कुमार राना, गठ्ठाघर स्पोर्टस्का डेन लामा र राकेश थापा, पर्फेक्ट फिटनेश क्लबका राम प्रकाश प्रधान र सुमन श्रेष्ठ तथा सामाखुसीका प्रेम घले र टिका थापा मगरको जोडी ले अन्तिम १६ मा स्थान पक्का गरे ।



**आदियोगीको दर्शन** | भारतको बैंगलोरबाट करिब ७० किलोमिटर उत्तरमा रहेको चिक्कबल्लापुरमा रहेको इशा फाउन्डेसनको नयाँ केन्द्रमा निर्मित 'आदियोगी' अर्थात् भगवान शिवको ११२ फिट अग्लो मूर्तिको उद्घाटन समारोहमा सहभागीहरू । *तस्बिरः एएफपी*

# ठगीको आरोपमा टेन्सेन्टका १०० भन्दा बढी कर्मचारी कारबाहीमा

**बेइजिङ–** चिनियाँ विशाल प्रविधि कम्पनी टेनसेन्टले कम्पनीको नीति उल्लंघन गरेको आरोपमा १०० भन्दा बढी कर्मचारीलाई बर्खास्त गरेको जनाएको छ । हङकङमा सूचीकृत कम्पनी विश्वको शीर्ष भिडियो गेम निर्माता र चिनियाँहरूको लोकप्रिय सामाजिक सञ्जाल विच्याटको लगानीकर्ता हो ।

यस कम्पनीले विश्वभर इन्टरनेट, सूचना प्रविधि तथा कम्प्युटर र अन्य प्रविधिका लागि पुर्जा आपूर्ति पनि गर्छ । तर, सन् २०२० को अन्त्यमा चीनको प्रविधि क्षेत्रमा नियम तथा कानुन उल्लंघन गरेको आरोपमा व्यापक दमनको सामना गरिरहेको छ । गत नोभेम्बरमा लगातार दोस्रो त्रैमासिकरूपमा आम्दानीमा गिरावट आएको कम्पनीले एक विज्ञप्ति जारी गर्दै १०० भन्दा बढी कर्मचारीलाई आफ्नो जालसाजी विरोधी नीतिको उल्लंघन गरेको आरोप लगाएको छ ।




तीमध्ये १० जनाभन्दा बढीलाई चीनको सार्वजनिक सुरक्षा निकायमा स्थानान्तरण गरिएको छ । 'कम्पनीभित्र भ्रष्टाचार र धोखाधडीको समस्याको प्रतिक्रियामा, टेन्सेन्टको जालसाजी अनुसन्धान विभागले आफ्नो कारबाहीलाई सशक्त पार्दै सामान्य समस्यासँगै उल्लंघनको शृंखलाको अनुसन्धान र सामना गरेको छ,' कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

'सन् २०२१ को तुलनामा सन् २०२२ मा अनुसन्धान र कारबाहीमा परेका मुद्दा र कर्मचारीको संख्यामा वृद्धि भएको छ,' विज्ञप्तिमा भनिएको छ । ती अभियुक्तहरूले कम्पनीको रकम हिनामिना गरेको र घूस लिएको पाइएको छ, जसमा धेरै लाई प्रहरीमा पठाइएको छ र केहीलाई अदालतले समेत दोषी ठहर गरेको छ । बर्खास्त गरिएका र भ्रष्टाचारको आरोप लगाइएकामध्ये धेरै कम्पनीको समाचार, खेलकुद र चलचित्रहरूमा कम्पनीको व्यापक सामग्री उत्पादनको निरीक्षण गर्ने सार्वजनिक परामर्श समूह शाखाको हिस्सा थिए । तर, उनीहरूले टेनसेन्टका क्लाउड कम्प्युटिङ र फिनटेकलगायत अन्य व्यवसायहरू पनि विस्तार गर्छन् ।

कम्पनीका अनुसार एक कर्मचारीलाई 'गैरराज्य कर्मचारीबाट घूस लिएको' अभियोगमा दोषी ठहर गर्दै तीन वर्षको जेल सजाय सुनाइएको छ । कम्पनीका प्रमुख कार्यकारी अधिकृत पोनी माले गत महिना एक आन्तरिक कर्मचारी बैठकलाई सम्बोधन गर्दै कम्पनीमा भएको भ्रष्टाचारको स्तर 'आश्चर्यजनक' भएको बताएका थिए । बेइजिङले भिडियो गेममा नियामकीय कारबाही गरेपछि टेन्सेन्टलाई ठूलो धक्का लागेको छ, जसमा सयौं फर्महरूले आफ्ना उत्पादनहरूबाट 'राजनीतिकरूपमा हानिकारक' सामग्रीहरू हटाउने र सरकारी मागहरू पालना गर्न कम उमेरका खेलाडीहरूमाथि प्रतिबन्धहरू लागू गर्ने प्रतिज्ञा गरेका थिए ।

कम्पनीले पुनरुत्थानको संकेत देखाएसँगै सन् २०१७ पछि क्रमशः कम हुँदै गएको यसको सेयर अक्टोबर २८ देखि हङकङमा यसको सेयर मूल्य लगभग दोब्बर भएको छ । कम्पनीलाई १८ महिनामा पहिलोपटक गत महिना भिडियो गेम सञ्चालनका लागि स्वीकृति प्रदान गरिएको थियो । यो निर्णयले विश्वको शीर्ष खेल निर्माताको मुनाफामा बाधा पुर्‍याएको सुक्खापनलाई अन्त्य गरेको थियो । *रासस/एएफपी*

# मध्यपूर्वमा प्रतिभा पलायनको समस्या

**निकोसिया, साइप्रस–** वर्षौंदेखि मध्यपूर्वका लगभग सबै देशहरूले अत्यधिक प्रतिभा पलायन (ब्रेन ड्रेन)को सामना गरिरहेका छन् । मध्यपूर्वी मुलुकहरूका उत्कृष्ट र मेधावी विद्यार्थी र वैज्ञानिकहरूको ठूलो हिस्साले आफ्नो देश सदाका लागि छोड्ने र विदेशमा आफ्नो रोजगारी जारी राख्ने निर्णय गरेको छ । यसको अर्थ मध्यपूर्वका देशहरूले हजारौं प्रतिभाशाली व्यक्तिहरू गुमाउँछन् । उनीहरूले अर्थव्यवस्था र आफ्नो मातृभूमिको भाग्य विकास गर्न ठूलो भूमिका खेल्न सक्थे ।

'पछिल्ला केही वर्षहरूमा अरब संसारमा ब्रेन ड्रेन भएको छ, प्रतिभाहरू पश्चिममा सरेका छन्,' संयुक्त अरब इमिरेट्स (युएई) का मन्त्रिपरिषद् मामिलामन्त्री मोहम्मद अल गेरगावीले भने, 'हरेक वर्ष हाम्रा दशौं हजार युवाहरू राम्रो अवसरको खोजीमा पलायन हुन्छन् र राष्ट्रको यो अज्ञानताले अरब विश्वलाई दुई ट्रिलियन अमेरिकी डलरभन्दा बढीको नोक्सानी व्यहोर्नुपरेको छ ।

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को), अरब लिग र विश्व बैंकले गरेका विभिन्न अध्ययनका अनुसार मध्यपूर्व र अरब संसारका विकासशील मुलुकबाट करिब एक तिहाइ हिस्सा प्रतिभा पलायन हुने गरेको छ ।

अरब वैज्ञानिकहरू र अन्य उच्च कुशल पेसेवरहरू बसाइँ सर्ने देशहरूमा मुख्यतया युरोपेली संघका सदस्य राष्ट्रहरू, अस्ट्रेलिया र क्यानाडा रहेका छन् । आफ्नो देश छोड्ने वा विदेशमा रहेका यी उच्च योग्य र प्रतिभाशाली व्यक्तिहरूमध्ये लगभग आधा चिकित्सक, २३ प्रतिशत इञ्जिनियर र बाँकी अन्य विशेषज्ञताका पेसेवरहरू हुन् ।

यी रिपोर्टहरूबाट बाहिर आएको अर्को चिन्ताजनक तथ्य विदेशमा अध्ययन गर्ने ५४ प्रतिशत अरबी विद्यार्थीहरू स्वदेश फर्कंदैनन् । तीमध्ये केहीले उनीहरूको मातृभूमिमा सान्दर्भिक वैज्ञानिक अनुसन्धान क्षेत्रहरूको अस्तित्वको कारण काम पाउन नसक्ने बताउँदै स्वदेश फर्किन असमर्थ भएको बताएका छन् । बेलायतमा कूल विद्यार्थी संख्याको ३४ प्रतिशत हिस्सा अरबी विद्यार्थीले ओगटेका छन् । इजिप्ट, जोर्डन, इराक, ट्युनिसिया, मोरक्को र अल्जेरियाबाट हरेक वर्ष लगभग एक लाख वैज्ञानिक, इन्जिनियर र चिकित्सकहरू बेलायत आउँछन् ।

इजिप्टका सांसद हाजेम अल-गेन्डीले गत जुनमा इजिप्टको संसद्मा गरेको सम्बोधनमा इजिप्टका स्वास्थ्यकर्मीको अकल्पनीयरूपमा बसाइँसराइ भएको बताएका थिए । उनले विगत तीन वर्षमा इजिप्टको अनुमानित दुई लाख १५ हजार चिकित्सकमध्ये आधा अर्थात् करिब एक लाख १० हजार चिकित्सकले देश छाडेको तथ्यांकलाई उद्धृत गर्दै आफ्नो दाबीलाई पुष्टि गरेका थिए ।

उनले भने, 'चिकित्सकहरूको पलायनको कारण कम ज्याला, साथै कम चिकित्सा क्षमता र सार्वजनिक अस्पतालहरूमा अपर्याप्त चिकित्सा आपूर्ति हुने गरेको पनि उनको दाबी थियो । तर, के मध्यपूर्वका सबैभन्दा मेधावी र सबैभन्दा शिक्षित मानिसहरूले आफ्नो देश छोडेर विदेशी भूमिमा रोजगारी खोजिरहेका छन् ? निस्सन्देह, युद्ध, हिंसा र जातीय सफाया उच्च शिक्षित मानिसहरूका लागि मात्र नभई युद्धग्रस्त देश वा मानिसहरू शारीरिक हिंसा, धार्मिक वा जातीय भेदभावको सिकार भएकोले ठाउँ छोड्नुपर्ने प्रमुख कारणहरू हुन् ।'

संसारका धेरै देशहरूमा शिक्षाविद्हरू उनीहरूको कामको कारण उत्पीडन, हिरासत, यातना र व्यवस्थित हिंसाको मारमा पर्ने गरेका पनि अध्ययनले देखाएको छ । उनीहरूको सरकारको इच्छासँग उनीहरूको कामले मेल खाँदैन जसका कारण द्वन्द्व बढ्छ र पलायन अन्तिम विकल्प बन्ने गर्छ । कहिलेकाहीं तिनीहरू आफ्नो शैक्षिक कार्य र विचारको स्वतन्त्रताको लागि आफ्नो समर्पणका लागि आफ्नो जीवनको साथ भुक्तान गर्छन् । अक्सर, तिनीहरूलाई लडाकू वा अर्धसैनिक समूहहरूद्वारा पनि सताइने गरेको पाइएको छ । यसैले, जो आफ्नो मूल देशबाट भागेर पश्चिमका विश्वविद्यालय र विद्यालयहरूमा रोजगारी खोज्छन् र मातृभूमिबाट पलायन हुन्छन् । *रासस/एएनआई*

# चिनियाँ रासायनिक कारखानामा विष्फोट

**बेइजिङ–** चीनको एक रासायनिक कारखानामा भएको विष्फोटमा परी दुई जनाको मृत्यु भएको छ भने अन्य १२ जना हराइरहेका छन् । घटनामा ३४ जना घाइते भएका छन् । उत्तरपूर्वी लियाओनिङ प्रान्तको पानशान काउन्टीमा रहेको एक कारखानामा आइतबार दिउँसो विष्फोट भएको सरकारी प्रसारक सिसिटिभीले जनाएको छ ।

विष्फोटपछि १२ जना हराइरहेका र घाइतेलाई उपचारका लागि अस्पताल भर्ना गरिएको स्थानीय अधिकारीलाई उद्धृत गर्दै सिसिटिभीले जनाएको छ । सिसिटिभीले भनेको छ, 'आगो अहिले नियन्त्रणमा आइसकेको छ ।'

सिसिटिभीले सार्वजनिक गरेको भिडियो र तस्बिरमा कारखानाबाट बाक्लो धुवाँ र आगोको मुस्लो देखिन्छ भने प्लान्टबाहिर हेल्मेट लगाएका अग्निनियन्त्रकहरूको एक समूह देखिएको छ । आगलागी नियन्त्रणका लागि ३३० भन्दा बढी अग्निनियन्त्रक परिचालन गरिएको सिसिटिभीले जनाएको छ । गत डिसेम्बरमा उत्तरपश्चिम चीनको सिन्जियाङ क्षेत्रमा रहेको एक सुनखानीमा भएको विष्फोटमा परी १८ जना सुरूङमा फसेका थिए । *रासस/एएफपी*

# जापान–भारत संयुक्त लडाकू विमान अभ्यास

**टोकियो–** जापान र भारतले रक्षा र सुरक्षा सम्बन्धलाई स्तरोन्नति गर्ने क्रममा टोकियोनजिक सोमबार आफ्नो पहिलो संयुक्त लडाकू जेट विमानको संयुक्त अभ्यास सुरु गरेका छन् ।

एघार दिने संयुक्त अभ्यासमा आठ जापानी लडाकू विमान समावेश हुने छन् भने यसमा भारतले चार लडाकू विमान, दुईवटा यातायात विमान र एउटा हवाई इन्धन भर्ने ट्यांकर पठाउने जापानको रक्षा मन्त्रालयले जनाएको छ ।

टोकियोको उत्तरपूर्वी इबाराकी प्रान्तको हयाकुरी एयर बेसमा करिब १५० भारतीय वायुसेनाका जवानले अभ्यासमा भाग लिइरहेका छन् । सन् २०१९ मा जापानी र भारतीय रक्षा र विदेश मन्त्रीहरूबीचको वार्ताको क्रममा दुई देशले यो



अभ्यासमा सहमति जनाएका थिए । तर, यसअघि महामारीका कारण ढिला भएको बताइएको छ ।

टोकियोले हालैका महिनाहरूमा संयुक्त सैन्य अभ्यास राखेको छ । साथै आफ्नो रक्षा र सुरक्षा रणनीतिलाई परिमार्जन गरेको छ र स्पष्ट रूपमा चीनको बारेमा आफ्ना चिन्ता पनि समय समयमा व्यक्त गर्ने गरेको छ । भारत र जापानले चीनको बढ्दो सैन्य शक्तिलाई ध्यानमा राखेर यो संयुक्त अभ्यास गरिएको जनाएका छन् । *रासस/एएफपी*


Bigu Rural Municipality

**Office of the Rural Municipal Executive**

Laduk, Dolakha

Bagmati Province, Nepal

**Invitation for Bids**

**First date of publication: 03th Magh, 2079 (17th Janurary, 2023)**

The Bigu Rural Municipality, Laduk, Dolakha invites electronic bids from eligible bidders as below. For further information visit PPMO's website www.bolpatra.gov.np/egp or visit www.bigumun.gov.np. The summary of contract is tabulated below:

| S. No. | Contract Identification No. | Description of works | Bid Security amount Rs. | Bid Document fee (Non-refundable) NRs. | Bid validity/ Bid security validity Period | Estimated cost (inclusive PS & exclusive VAT) | Last date of bid Submission | Last date of bid opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | BRM/NCB/ BUILDINGS/ DOLAKHA/ 07/2079/80 | Woda Karyalaya Bhawan Nirman, Woda No. 7 | NRs. 90,000 | NRs. 3,000 | 90 days/120 days | NRs. 31,80,830.87 | 4th Falgun 2079 at 12:00 Noon | 4th Falgun 2079 at 2:00 P.M. |

Information to deposit the cost of bid document: Nepal Investment Mega Bank, Singati, Dolakha

Office account Details: 06701400250009 (Rajaswa khata no)

***Chief Administrative Officer***



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेसनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

एडभटोरियल

डा. ईश्वर जिसी समूहको व्यावसायिक प्यानल

# सम्मानित वैदेशिक रोजगारको प्रतिबद्धता

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यही माघ ६ गते हुने निर्वाचनका लागि डा. ईश्वर जिसी समूहको व्यावसायिक प्यानल सशक्तरूपमा अगाडि आएको छ। *'देश विकासको आधार- सम्मानित वैदेशिक रोजगार'* भन्ने मूल नाराका साथ यो प्यानल संघको चुनावमा होमिएको छ।

नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टी निकट व्यवसायीहरूले आइतबार डा. जिसीको नेतृत्वको व्यावसायिक प्यानल घोषणा गरेको हो। प्यानल घोषणा कार्यक्रमका प्रमुख अतिथि नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले जिसीको प्यानलका उम्मेदवारहरू संघको नेतृत्वमा जान सक्षम रहेको बताउँदै विजयीका लागि अग्रिम शुभकामना दिए।

संघको आगामी कार्यकालको नेतृत्वको लागि बनेको व्यावसायिक प्यानलमा अक्स्फोर्ड इन्टरनेसनल प्रालिका सञ्चालक डा. जिसी अध्यक्ष, कान्तिपुर मेनपावर प्रालिका सञ्चालक धनलाल जैसी प्रथम उपाध्यक्ष, सुप्रिम ओभरसिज प्रालिका बाबुराम खड्का द्वितीय उपाध्यक्ष र कन्फिडेन्ट इन्टरनेसनल प्रालिका अनिल बोगटी तृतीय उपाध्यक्ष, इम्प्लोइमेन्ट लिंक नेपालका मधुकर रिजाल महासचिव, अजम्बरी ओभरसिज प्रालिका टक्करबहादुर पाखिन सचिव र इम्पावर ह्युमन रिसोर्सेज प्रालिका केदारनाथ अधिकारी कोषाध्यक्ष रहेका छन्।

त्यसैगरी सदस्यहरूमा शेरमान ग्लोबल म्यानेजमेन्ट ओभरसिज प्रालिका गणेश कुँवर, आयुष ओभरसिज प्रालिका कामेश्वर साह राहुल, फ्युचर लिंक इन्टरनेसनल प्रालिका फिरोज खान, एसआर ग्रुप कम्पनीका सन्दीप पुडासैनी, ग्यालेक्सी युनिभर्सल सर्भिस प्रालिका एकनारायण काफ्ले, पाण्डा ह्युमन रिसोर्सेज प्रालिका प्रेमबहादुर गिरी, दि एक्वायर ग्रुप प्रालिकी देवीमाया थापा, शिभम् इन्टरनेसनल म्यानपावर सर्भिस प्रालिका शिवबहादुर कुँवर र स्यारोन म्यानपावर सर्भिस प्रालिका सरोज कुशवाह रहेका छन्।

डा. जिसीको प्यानलले निर्वाचित भएको खण्डमा तीन महिनाभित्र संघको भवन निर्माण सुरु गर्ने, सयको संख्यामा युवाहरूलाई विदेश पठाउनैपर्ने प्रावधान खारेज गर्न पहल गर्ने, फ्रि भिसा फ्रि टिकटको नियमलाई संशोधन गराउने, सबै प्रकारको सिण्डिकेटहरूको अन्त्य गर्न समन्वय गर्ने, अन्तिम श्रम स्वीकृति, धरौटी वृद्धिपछि छुट्टाछुट्टै इजाजतपत्र लिनुपर्ने व्यवस्थाको अन्त्यका लागि पहल गर्नेलगायतका एजेण्डा उठाएको छ।

आफ्नो टिम सार्वजनिक गरेसँगै डा. जिसीको प्यानलले व्यवसायीहरूसँग घनिभूत छलफल थालेको छ। व्यवसायीको सामाजिक प्रतिष्ठा अभिवृद्धि गर्ने र वैदेशिक रोजगार क्षेत्रलाई ठूलो सेवा क्षेत्र बनाउन यस क्षेत्रमा आमूल परिवर्तन गर्नुपर्ने सन्देश लिएर निर्वाचनमा होमिएको जिसीको भनाइ छ।

यसैबीच संघको आसन्न निर्वाचनको सन्दर्भमा डा. जिसीको प्यानलले सोमबार माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालसँग भेट गरेको छ। भेटमा प्रधानमन्त्री दाहालले प्यानलका उम्मेदवारहरूलाई विजयीका लागि शुभकामना व्यक्त गरेका थिए।





## प्रतिबद्धताका १६ बुँदा

१) निर्वाचित भएको तीन महिनाभित्र नेपाल वैदेशिक रोजगार व्यवसायी संघको भवन निर्माण गर्न सुरु गरिने छ।
२) वैदेशिक रोजगार ऐन, २०६४ मा भएको प्रावधानअनुसार लगातार २ वर्षभित्र वार्षिक १०० संख्या कामदार नपठाएमा लाइसेन्स खारेज गरिने र व्यवसायीले लिन पाउने सेवा शुल्कमा १ महिनाको तलब बराबर हुने गरी कानुन संशोधन गर्न सरकारसँग पहल गरिने छ।
३) सबै प्रकारको वैदेशिक रोजगार व्यवसायको सिन्डिकेटहरूको अन्त्य गर्ने।
४) वैदेशिक रोजगार कसूर फौजदारी कानुनअन्तर्गत नभई देवानी तथा वाणिज्य कानुनअन्तर्गत फर्स्योट गराउन पहल गरिने छ।
५) वैदेशिक रोजगारमा आउने उजुरीहरू संघको कार्यालयमा ल्याई मध्यस्थता गर्ने व्यवस्था मिलाइनेछ।
६) वैदेशिक रोजगार कल्याणकारी कोषको रकम उद्देश्यअनुरूप व्यवसाय प्रवर्द्धनमासमेत उपयोग गर्न र भविष्यमा आइपर्ने कोभिडजस्ता अर्थिक संकटकालमा यस व्यवसायीले जम्मा गरेको धरौटी रकमबाट पछि भुक्तानी गर्नेगरी उपयोग गर्न पाउने व्यवस्था मिलाइनेछ।
७) मागपत्र प्रमाणीकरणसम्वन्धी समस्या समाधान गर्न विदेशमा रहेका कूटनीतिक नियोग तथा दूतावासमा सहजीकरणका लागि पहल गरिनेछ।
८) पूर्वस्वीकृतिसम्बन्धी दफा १५ देखि १९ सम्मको व्यवस्था खारेज गरी रोजगार सम्झौताअनुसार अन्तिम स्वीकृति लिने व्यवस्थाका निम्ति वै.रो. ऐन संशोधन गर्न पहल गरिने छ।
९) घरेलु श्रमिकहरूलाई सुरक्षितरूपमा वैदेशिक रोजगारमा जानका लागि सीपमूलक तालिमको व्यवस्था गरी वातावरण तयार गरिनेछ।
१०) फेइम्समा देखिएका समस्या समाधान गरी झन्झटिलो प्रक्रिया अन्त्य गरिने छ।
११) धरौटी वृद्धि भइसकेको अवस्थामा पनि छुट्टाछुट्टै इजाजतपत्र लिनुपर्ने व्यवस्था अन्त्य गर्न पहल गरिने छ।
१२) मासिक शुल्क तथा सदस्यता नवीकरणलगायतका सहजीकरणका लागि कार्यालयमा नै कर्मचारी खटाउने वा अनलाइनमार्फत नै भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ।
१३) श्रम गन्तव्य मुलुकहरूसँग समन्वय गरी वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको सुरक्षा तथा अन्य सेवा सुविधाको ग्यारेन्टी गर्न पहल गर्ने।
१४) खुला भएका सबै गन्तव्य मुलुकहरू सँग श्रम सम्झौता गर्ने तथा न्यूनतम पारिश्रमिक तोक्न लगाउन पहल गर्ने।
१५) वै.रो. विभागमा व्यवसायी स्वयं उपस्थित हुन नपर्ने प्रतिनिधिमार्फत प्रतिनिधित्व गर्न पाउने व्यवस्था गरिने छ।
१६) वै.रो. व्यवसायलाई सम्मानित सेवा उद्योगमा स्थापित गर्ने। व्यवसायीको भलाइ कोष र बिमाको व्यवस्था गरिने छ।

## यी हुन् डा. ईश्वर जिसी प्यानलका उम्मेदवारहरू

| | | |
|---|---|---|
| **अध्यक्ष** | : | डा. ईश्वर जिसी |
| **प्रथम उपाध्यक्ष** | : | धनलाल जैसी |
| **द्वितीय उपाध्यक्ष** | : | बाबुराम खड्का |
| **तृतीय उपाध्यक्ष** | : | अनिल बोगटी |
| **महासचिव** | : | मधुकर रिजाल |
| **सचिव** | : | टक्करबहादुर पाखिन |
| **कोषाध्यक्ष** | : | केदारनाथ अधिकारी |

**सदस्यहरूः**
गणेश कुँवर, कामेश्वर साह राहुल, फिरोज खान, सन्दीप पुडासैनी, एकनारायण काफ्ले, प्रेमबहादुर गिरी, देवीमाया थापा, शिवबहादुर कुँवर र सरोज कुशवाह

## प्रधानमन्त्री पुष्पकमल दाहालसँग भएको भेटका तस्बिरहरु















प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ